दर्ता नं. २०९१/०६५/०६६

# देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.

# DEV DARSHAN SAVING & CREDIT CO-OPERATIVE LTD.

14TH

Annual Report
2021/022

# चौधौं वार्षिक प्रतिवेदन

## आ.व. २०७८/७९

# देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.

चन्द्रागिरि-५, दाउराडिपो, काठमाडौं

## सञ्चालक समिति



**राम नारायण घिमिरे**
अध्यक्ष



**बेली मैंया घले**
उपाध्यक्ष



**राम तामाङ्ग**
सचिव



**राजु कार्की**
कोषाध्यक्ष



**तीर्थ कुमार लामा**
सदस्य



**लक्ष्मण बलामी**
सदस्य



**नानु थापा (पण्डित)**
सदस्य

## लेखा समिति



**बिमल बिक्रम बानियाँ**
संयोजक



**बसन्त महर्जन**
सदस्य



**माधव प्रसाद रेग्मी**
सदस्य

## ऋण उपसमिति



**राम तामाङ्ग**
संयोजक



**रवि कार्की**
सदस्य



**पूर्ण प्रसाद श्रेष्ठ**
सदस्य

## कानूनी सल्लाहकार



**अधिवक्ता सिताराम राउत**

# विषय सूची


| क्र.सं. | विषय | पृष्ठ |
|---|---|---|
| १. | सञ्चालक समितिको प्रतिवेदन | ५-११ |
| २. | लेखा परीक्षकको तर्फबाट वार्षिक प्रतिवेदन | १२-१३ |
| ३. | स्वतन्त्र लेखा परिक्षकको प्रतिवेदन | १४-१७ |
| ४. | वित्तिय अवस्थाको विवरण | १८ |
| ५. | नाफा नोक्सान विवरण | १९ |
| ६. | नगद प्रवाहको विवरण | २० |
| ७. | इक्विटीमा भएको परिर्वतको विवरण | २१ |
| ९. | प्रमुख लेखा नीति तथा टिप्पणीहरू | २२-४१ |


Annual Report
2021/022

चौधौं वार्षिक प्रतिवेदन
आ.व. २०७८/७९

## देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि. चन्द्रागिरि–५, काठमाडौंको
## चौधौं वार्षिक साधारण सभा सम्बन्धी सुचना

**सदस्य महानुभावहरू,**

यस **देवदर्शन बचत तथा ऋण सहकारी संस्था लि.** चन्द्रागिरि-५, काठमाडौंको मिति २०७९/०७/३० गते बुधबारका दिन बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम यस संस्थाको चौधौं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा उल्लेखित प्रस्तावहरू उपर छलफल गरि पारित गर्न बस्ने भएको हुँदा सम्पूर्ण सदस्य महानुभावहरूको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**साधारण सभा बस्ने मिति, स्थान र समय :**

मिति : २०७९ पुष २२ गते, शुक्रबार ।
स्थान : ग्रिनल्याण्ड ब्याङ्क्वेट, चन्द्रागिरि-७ ।
समय : दिउँसो २:०० बजे ।

**साधारण सभामा छलफल हुने विषयहरु :**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूबाट प्रस्तुत हुने आ.व.२०७८/०७९ को वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. संस्थाको आ.व. २०७८/०७९ को लेखापरिक्षण प्रतिवेदन माथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।
३ चालू आ.व. २०७९/०८० को लागि लेखा परिक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४. आ.व २०७८/०७९ मा संचालक समितिको निर्णयले भए गरेका सम्पूर्ण कार्यहरूको अनुमोदन गर्ने सम्बन्धमा ।
५. संस्था एकिकरण (मर्जर) गर्ने सम्बन्धमा ।
६. विनियम पुनर्लेखन गर्ने सम्बन्धमा ।
७. शेयर सदस्यहरूलाई लाभांश वितरण गर्ने सम्बन्धमा ।
८. कर्मचारी बोनस वितरण गर्ने सम्बन्धमा ।
९. साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्नको लागी प्रतिनिधि चयन गर्ने सम्बन्धमा ।
१०. विविध

(नोटः साधारण सभामा भाग लिन संस्थाको निमन्त्रणा पत्र र परिचय पत्र अनिवार्य गरिएको छ ।)

सचिव
संचालक समितिको आज्ञाले

देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि. को
संचालक समितिको तर्फबाट प्रस्तुत आ.व. २०७८/०७९ को

# वार्षिक प्रतिवेदन

**आदरणीय सदस्यज्यूहरू,**

देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.को चौधौं वार्षिक साधारण सभामा हाम्रो निमन्त्रणालाई स्विकार गरी पाल्नु भएका आदरणीय प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यूहरू, अतिथिज्यूहरू, सल्लाहकारज्यूहरू, सदस्य महानुभावहरू, संचालक समितिका साथिहरू, लेखा समितिका साथिहरू, ऋण उपसमितिका साथिहरू, शिक्षा उपसमितिका साथिहरु, विभिन्न मिडियाका पत्रकार मित्रहरू लगाएत यस सभामा पाल्नु भएका सम्पूर्ण सहकारी कर्मीहरूलाई सस्थाको संचालक समिति र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा सहकारी अभिवादन गर्न चाहन्छु ।

**आदरणीय सदस्यज्यूहरू,**

देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.ले काठमाडौं जिल्ला डिभिजन सहकारी कार्यालयमा दर्ता भई विधिवत रुपमा २०६६ साल असार ६ गतेबाट सदस्य केन्द्रित से वा प्रदान गर्दै आइरहेको छ । संस्थाले १३ वर्ष सफलता पूर्वक पार गर्दा सदस्य केन्द्रित समुदायमा आधारित संस्था बनाउन उपस्थित सदस्यहरूबाट नै सम्भव भएको हो । यसको श्रेय सम्पूर्ण सदस्यहरू र संस्थाको सिङ्गो टिमलाई जान्छ । सानो-सानो पूँजीलाई एकत्रित गरि एउटा सानो समूहबाट सुरुवात भई बृहत रुपमा संगठित सदस्यहरूको सामूहिक व्यवसाय नै सहकारी हो । सहकारी अन्तराष्ट्रिय मूल्य मान्यता र सिद्धान्तलाई आत्म साथ गर्दै सदस्यहरूका आर्थिक, सामाजिक र सांस्कृतिक आवश्यकता पूर्ती गर्ने कार्य त्यही एकत्रित भएको पूँजीबाट पुरा गर्नु नै सहकारीता हो । सहकारीमा समुदायका विभिन्न जाति, धर्म र संस्कृतिका व्यक्तिहरू सदस्य बन्न सक्ने र कसैलाई पनि ऐन, नियम र परिधि भन्दा बाहिर गएर कारोवार गर्ने देखि भेदभाव पूर्ण कार्य गर्न वञ्चित गरिएको एउटा प्रजातान्त्रिक पद्धतिबाट संचालित, बचत लिदाँ व्याज दिने र ऋण सापटी दिँदा व्याज लिने र त्यही व्याजको अन्तरबाट आम्दानी गरि संचालन गर्ने एउटा स्वनियमनकारी संगठन नै सहकारी हो ।

**आदरणीय सदस्यज्यूहरू,**

आ.व. ०७८/०७९ को अवधिमा संसारभर फैलिएको कोभिड भाइरस पछिको प्रभाव, अर्न्तराष्ट्रिय युद्ध, विश्व बजारमा आएको आर्थिक मन्दि, बैंक वित्तिय संस्था तथा

सहकारी संस्थाहरुको संख्यात्मक वृद्धि, घर जग्गा (Real State) व्यापारमा आएको मन्दि, तरलता समस्या र सहकारी संस्थाहरुका लागि ल्याईएको सन्दर्भ व्याजदर आदि कारणले संस्थाले लिएको लक्ष्य तथा कार्यक्रमहरुमा सन्तोसजनक उपलब्धि हासिल गरेका छौं ।

अब म सदस्यज्यूहरूलाई शेयर वृद्धि गर्न, नियमित कारोवार गर्न, नियमित बचत खातालाई निरन्तरता दिन आग्रह गर्दै संस्थाले आ.व. २०७८/०७९ मा हासिल गरेका सफलतालाई बुदाँगत रुपमा यस सभा समक्ष राख्ने अनुमति चाहन्छु ।

| आ.व. | शेयर पूँजी | बचत | ऋण | कुल सम्पत्ति |
|---|---|---|---|---|
| ०६५/०६६ | २२,५०,०००/- | ७४,७२,९३७/- | १०,३०,०००/- | ९२,००,५५९/- |
| ०६६/०६७ | ५२,८४,०००/- | ९,३१,३७,२९९/- | ८,४९,७९,६१६/- | १०,४१,७१,५११/- |
| ०६७/०६८ | ८८,८९,९००/- | १०,३५,५२,७४५/- | ९,३६,८५,१०४/- | ११,८१,२८,२८५/- |
| ०६८/०६९ | १,०७,२९,५००/- | ११,३२,७०,०२०/- | ९,१२,३३,५५५/- | १३,१९,९८,२०५/- |
| ०६९/०७० | १,२०,६७,९००/- | १४,४०,४५,८२७/- | १२,३३,६६,७१२/- | १६,७१,१०,९६७/- |
| ०७०/०७१ | १,४०,२४,१००/- | २४,००,२१,२११/- | १५,७८,५८,६७६/- | २६,७२,१५,२४३/- |
| ०७१/०७२ | १,५४,८४,८००/- | ३०,६७,०३,०५६/- | २२,८९,३९,३०५/- | ३३,८३,१६,८६८/- |
| ०७२/०७३ | २,०१,०५,१००/- | ४०,६९,५५,१३०/- | ३१,५३,५३,८२३/- | ४४,४९,५०,७१४/- |
| ०७३/०७४ | २,४९,६८,२००/- | ४५,६६,८५,९४१/- | ४०,३०,१६,२७१/- | ५१,३०,७३,८१३/- |
| ०७४/०७५ | ३०,०५४,९००/- | ५२,४६,९५,९७३/- | ४६,१९,४९,२३२/- | ६०,०३,७६,८५८/- |
| ०७५/०७६ | ३,३७,५६,५००/- | ६३,९०,७२,५७४/- | ५६,३२,०७,७३७/- | ७३,३८,९८,५७०/- |
| ०७६/०७७ | ४,०१,१९,६००/- | ६९,२२,९२,४९२/- | ६१,४०,११,९९१/- | ८०,५७,७९,७४३/- |
| ०७७/०७८ | ४,१०,३१,३००/- | १,०५,९५,६३,८६७/- | ८८,३४,३४,४१२/- | १,१८,७६,९२,३९३/- |
| ०७८/०७९ | ४,२७,०७,०००/- | १,०६,५६,२२,०४०/- | १,०१,०२,५२,५४६/- | १,१७,६५,७४,८६८/- |

## १. संचालक समिति

संचालक समितिमा पदाधिकारी एवं संचालक सदस्यहरू गरि कुल ७ (सात) जना व्यक्तिहरू रहनु भएको छ । संचालक समिति एक मतका साथ संस्थाको हितमा लागि परेको र संस्था संचालनमा सम्पूर्ण पदाधिकारी एवं संचालक सदस्यहरूले सक्दो समय प्रदान गरि संस्थाको प्रगतिका लागि उल्लेखनीय योगदान पुऱ्याउनु भएको व्यहोरा समेत म सदस्य महानुभावहरूलाई अवगत गराउने चाहन्छु साथै संस्थाको विकासमा पुऱ्याउनु भएको सहयोग को लागि हार्दिक धन्यवाद दिन चाहन्छु ।

## २. व्यवस्थापन

सहकारी ऐन, नियम, संस्थाको स्वीकृत विनियम तथा संचालक समितिको प्रत्यक्ष रेखदेख र अधिनमा संस्थाको दैनिक कार्य संचालन हुँदै आइरहेको छ। संस्थाको उद्देश्य प्राप्त गर्न, प्रतिस्पर्धामा अगाडि बढाउन कर्मचारीहरूको ठूलो भूमिका हुने हुँदा कर्मचारीहरूको अमुल्य भूमिकालाई मध्यनजर गर्दै संस्थाले कर्मचारी प्रशासन विनियमावली-२०६७ अनुरुप कर्मचारीहरूलाई व्यवस्था गरेको छ। सदस्यहरूलाई छिटो-छरितो र सरल ढंगले स्तरीय सेवा प्रवाह गराउन व्यवस्थापन सदैव सचेत र क्रियाशील रहेको छ। व्यवस्थापन तर्फ हाल संस्थामा कार्यकारी अध्यक्ष-१, प्रबन्धक-१, अधिकृत- १, सहायक अधिकृत-१, वरिष्ठ सहायक-४, सहायक-४, कनिष्ठ सहायक-६, सुरक्षा गार्ड-२, कार्यालय सहयोगी -२, चालक- १ समेत २३ जना पदाधिकारी एवं कर्मचारी वर्ग निरन्तर रुपमा व्यवस्थापकीय कार्यमा क्रियाशील रहेका छन्।

## ३. शेयरपूँजी:

आ.व. २०७८/०७९ मा संस्थाको शेयरपूँजी रु. ४,२७,०७,००० (चार करोड सत्ताईस लाख सात हजार रुपैयाँ मात्र) पुगेको व्यहोरा आदरणीय सदस्यहरू समक्ष अवगत गराउन चाहन्छु।

| क्र.सं. | शेयर कित्ता | सदस्य संख्या | शेयर पूँजी |
|---|---|---|---|
| १ | न्युनतम देखि ४९ सम्म | २९२ | रू. २,८५,८००/- |
| २ | ५० देखि ९९ सम्म | १२०१ | रू. ७७,८१,३००/- |
| ३ | १०० देखि ४९९ सम्म | ११५६ | रू. १,६२,३८,८००/- |
| ४ | ५०० देखि ९९९ सम्म | ११० | रू. ६९,०२,१००/- |
| ५ | १००० देखि माथि | ८६ | रू. १,१४,९९,०००/- |
| | **जम्मा** | २८४५ | रू. ४,२७,०७,०००/- |

## ४. निक्षेप संकलन:

संस्थाको गत आ.व. २०७७/०७८ को कूल निक्षेप रु. १,०५,९५,६३,८६७ (एक अर्ब पाँच करोड पन्चान्नब्बे लाख त्रिसाठ्ठी हजार आठ सय सड्साठ्ठी रुपैयाँ मात्र) रहेकोमा आ.व. २०७८/०७९ मा संस्थाले लागु गरेको विभिन्न बचत योजना अन्तर्गत रु. ६०,५८,१७३ (साठ्ठी लाख अन्ठाउन्न हजार एक सय त्रिहत्तर रुपैयाँ मात्र) थप निक्षेप संकलन गरी रु. १,०६,५६,२२,०४० (एक अर्ब छ करोड छपन्न लाख बाइस हजार चालिस रुपैयाँ मात्र) पुऱ्याउन सफल भएका छौं।

## ५. कर्जा सापटी तथा लगानी:

गत आ.व. २०७७/०७८ मा कर्जा लगानीमा रु. ८८,३४,३४,४१२ (अठ्ठासी करोड चौंतिस लाख चौंतिस हजार चार सय बाह्र रुपैया मात्र) रहेकोमा आ.व. २०७८/०७९ को अन्त्य सम्ममा रु. १,०१,०२,५२,५४६ (एक अर्ब एक करोड दुई लाख बाउन्न हजार

पाँच सय छ्यालिस रुपैयाँ मात्र) कर्जा लगानीमा बाँकी रहेको व्यहोरा सदस्यहरू माझ जानकारी गराउन चाहन्छौं ।

### ६. तरलताः

गत आ.व. २०७८/०७९ मा बैंक तथा नगद मौज्दात गरि रु. ७,७५,७३,३३१ (सात करोड पचत्तर लाख तिहत्तर हजार तीन सय एकत्तिस रुपैयाँ मात्र) तरलता रहेको छ ।

### ७. आ.व. २०७८/०७९ को कूल आम्दानी र खर्च विवरणः

आम्दानी तर्फ संस्थाले आ.व. २०७८/०७९ मा कर्जा लगानीबाट व्याज रु. १३,६४,६०,७४५ (तेन्ह करोड चौसाठ्ठी लाख साठ्ठी हजार सात सय पैंत्तालीस रुपैयाँ मात्र), प्रक्रियागत शुल्क लगायत अन्य विविध आम्दानी रु. १,४७,०१,२९१ (एक करोड सड्चालिस लाख एक हजार दुई सय एकान्नब्बे रुपैयाँ मात्र) गरी कूल रु. १५,११,६२,०३६ (पन्ध्र करोड एघार लाख बैसाठ्ठी हजार छत्तिस रुपैयाँ मात्र) आम्दानी गरेको छ भने खर्च तर्फ गत आ.व. २०७८/०७९ मा विभिन्न बचतमा प्रदान गरिएको व्याज खर्च रु. ११,६४,९५,०३४ (एघार करोड चौंसाठ्ठी लाख पन्चानब्बे हजार चौंत्तिस रुपैयाँ मात्र), प्रशासनिक खर्च रु. ५६,८०,९१० (छप्पन्न लाख असी हजार नौ सय दस रुपैयाँ मात्र), कर्मचारी खर्च रु. १,३७,६०,२३४ (एक करोड सड्त्तिस लाख साठ्ठी हजार दुई सय चौंत्तिस रुपैयाँ मात्र), ह्रास कट्टी खर्च रु. ९,५४,९७३ (नौ लाख चौवन्न हजार नौ सय त्रिहत्तर रुपैयाँ मात्र), कर्जा नोक्सानी व्यवस्था खर्च रु ४६,५०,०५७ (छ्यालिस लाख पचास हजार सन्ताउन्न रुपैयाँ मात्र) समेत गरी जम्मा रु. १४,१५,४१,२०८ (चौध करोड पन्ध्र लाख एक्चालिस हजार दुई सय आठ रुपैया मात्र) खर्च भएको व्यहोरा म सदस्य महानुभावहरू समक्ष अवगत गराउन चाहन्छु ।

### ८. नाफा नोक्सान हिसाबः

आ.व. २०७८/०७९ मा संस्थाको कूल आम्दानी रु. १५,११,६२,०३६ (पन्ध्र करोड एघार लाख बैसाठ्ठी हजार छत्तिस रुपैयाँ मात्र) रहेको छ भने गत आ.व.नै संस्थाको कुल खर्च रु. १४,१५,४१,२०८ (चौध करोड पन्ध्र लाख एक्चालिस हजार दुई सय आठ रुपैया मात्र) हुन गएको छ । यसर्थ संस्थाले आ.व. २०७८/०७९ मा आयकर अघि रु. ९६,२०,८२८ (छयानब्बे लाख बिस हजार आठ सय अठ्ठाइस रुपैयाँ मात्र) मुनाफा आर्जन गरेको व्यहोरा म आदरणीय सदस्य समक्ष राख्न चाहन्छु ।

### ९. कुल कारोवारः

संस्थाले आर्थिक वर्ष २०७८/०७९ अन्त्यसम्म कूल कारोवार रु. १,१७,६५,७४,८६८ (एक अर्ब सत्र करोड पैंसाठ्ठी लाख चौहत्तर हजार आठ सय अड्साठ्ठी रुपैयाँ मात्र) पुऱ्याउन सफल रहेको व्यहोरा सदस्यहरू माझ सहर्ष जानकारी गराउन चाहन्छौं ।

## १०. आवद्धता:

संस्था निम्न संघ, संस्थाहरुमा आवद्ध रहेको आदरणीय शेयर सदस्यहरुलाई जानकारी गराउन चाहन्छु ।

क) राष्ट्रिय सहकारी बैंक

ख) नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ (NEFSCUN)

ग) जिल्ला सहकारी संघ, काठमाडौं ।

घ) काठमाडौं बचत तथा ऋण सहकारी संघ (KASCCUN)

## ११. सदस्य हितकोष नीति अनुसार वितरण गरिएको रकम विवरण:

| क्र.सं. | सदस्यको नाम | हित कोषको प्रकार | रकम |
|---|---|---|---|
| १ | रक्षा ओस्ती | सुत्केरी भत्ता | रु. ५,०००/- |
| २ | निता श्रेष्ठ | सुत्केरी भत्ता | रु. ५,०००/- |
| ३ | आस्था अर्याल | सुत्केरी भत्ता | रु. ५,०००/- |
| ४ | गंगा श्रेष्ठ | सुत्केरी भत्ता | रु. ५,०००/- |
| ५ | रंजिता बानियाँ | सुत्केरी भत्ता | रु. ५,०००/- |
| ६ | शान्ती पनेरु | सुत्केरी भत्ता | रु. ५,०००/- |
| ७ | अञ्जना पोखेल | सुत्केरी भत्ता | रु. ५,०००/- |
| ८ | राधा के.सी. | सुत्केरी भत्ता | रु. ५,०००/- |
| ९ | प्रतिमा थापा मगर | सुत्केरी भत्ता | रु. ५,०००/- |
| १० | बालकुमारी कायस्थ | सुत्केरी भत्ता | रु. ५,०००/- |
| ११ | चन्द्रकुमारी श्रेष्ठ | सुत्केरी भत्ता | रु. ५,०००/- |

## १२. आ. ब. ०७९/०८० को लागि लक्ष्य एवं बजेट :

### क. शेयर पूँजी :

संस्थाको कारोबार बृद्धि गर्न सदस्य संख्या बृद्धि संगै आ.ब. २०७९/०८० सम्ममा रु. ५ करोड शेयर पूँजी पुऱ्याउने संस्थाको लक्ष्य रहेको छ ।

### ख. निक्षेप संकलन :

बिभिन्न प्रकारका निक्षेप संकलन एवं भुक्तानी गरी आ. ब. २०७९/०८० को अन्त्य सम्ममा संस्थाको कुल बाँकी निक्षेप रु. १ अर्ब २७ करोड पुऱ्याउने लक्ष्य रहेको छ ।

**ग. कर्जा लगानी :**

शेयर, बचत, साँवा र ब्याज असुलीको रकम तथा अन्य आम्दानी आदिबाट आएको रकम समेतबाट आ.ब. २०७९/०८० मा विभिन्न उद्देश्यका कर्जामा रु २१ करोड लगानी गर्ने उद्देश्य राखिएको छ ।

**घ. कर्जा असुली :**

सम्पूर्ण लगानी गरिएका पुराना कर्जा तथा आ. ब. २०७९/०८० मा लगानी गरिने कर्जा समेतको असुली कार्य तालिका अनुसार रु. १० करोड असुली गरि सोहि आ.ब. को अन्त्य सम्ममा लगानीमा बाँकी कर्जा रु. १ अर्ब १२ करोड हुने अनुमान गरिएको छ ।

**ङ. कर्मचारी दरबन्दी :**

हाल संस्थामा कार्यरत कर्मचारीहरू सहित आ. व. २०७९/०८० मा हुने अनुमानित कुल कारोबार बृद्धि अनुसार आवश्यक शाखाहरूमा र सेवा केन्द्रका लागि कर्मचारीहरू थप गर्नुपर्ने अनुमान गरिएको छ ।

**च. अनुमानित खर्च :**

आ. ब. २०७९/०८० को लागि बचत तथा सापटीमा ब्याज खर्च तर्फ रु. १३ करोड, कर्मचारीहरूको तलब, भत्ता तथा अन्य सुबिधा आदिको लागि रु. १ करोड ४० लाख व्यवस्था गरिएको छ । त्यस्तै कार्यालय संचालन खर्च तर्फ रु. ६० लाख र ह्रासकट्टी रु ११ लाख गरी जम्मा रु. १५ करोड ११ लाख अनुमानित खर्च व्यवस्था गरिएको छ ।

**छ. अनुमानित आम्दानी :**

आ.ब. २०७९/०८० मा कर्जा तथा सापट बाट ब्याज आम्दानी तर्फ रु. १५ करोड अनुमान गरिएको छ । त्यसैगरी विविध आम्दानी तर्फ रु. २ करोड ५१ लाख गरी जम्मा अनुमानित आम्दानी रु. १७ करोड ५१ लाख हुने अनुमान गरिएको छ ।

**ज. नाफा–नोक्सान स्थिति :**

उपरोक्त बमोजिम कुल अनुमानित आम्दानी रकम रु. १७ करोड ५१ लाख बाट अनुमानित खर्च रकम रु. १५ करोड ११ लाख कट्टा गर्दा अनुमानित नाफा रकम रु. २ करोड ४० लाख रहन जाने देखिन्छ ।

**झ.आ.ब. ०७९/०८० को लागि अनुमानित सम्पत्ति बजेट :**

आ. ब. २०७९/०८० मा संस्थाको सेवा केन्द्रको स्थापना गरिने योजना रहेको हुँदा अनुमानित रु ४० लाख बजेट बिनियोजन गरिएको छ ।

**१३. धन्यवाद ज्ञापनः**

अन्त्यमा संस्था संचालनका लागि मार्गदर्शकको रुपमा रहेको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, बागमती प्रदेश हेटौडा, सहकारी विभाग काठमाडौं, चन्द्रागिरि न.पा. सहकारी शाखा, संचालक समितिका पदाधिकारीहरू, लेखा समितिका पदाधिकारीहरू, ऋण उपसमितिका पदाधिकारीहरू, संस्थालाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु हुने व्यक्ति संघ संस्था एवं आ.व. २०७९/०८० को लेखा परीक्षण प्रतिवेदन तयार गरी सहयोग पुऱ्याउनु हुने लेखा परिक्षक सि.ए. सुरेश प्याठ (एस. प्याठ एण्ड एसोसिएट्स) कानूनी सल्लाहकार श्री सिताराम राउतज्यू र नेपाल सरकारको सम्बन्धित निकाय समेतलाई सहयोगको लागि स-धन्यवाद हार्दिक आभार प्रकट गर्न चाहन्छु। भविष्यमा पनि सबै क्षेत्रबाट सहयोग पाउने अपेक्षा गरेको छु। संस्था संचालनमा हरतरहले सहयोग पुऱ्याउनु हुने संस्थाका प्रबन्धक, अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरूलाई मेरो तर्फबाट धेरै धेरै धन्यवाद दिन चाहन्छु। अन्त्यमा लेखा परीक्षकद्वारा तयार पारिएको आ.व. २०७८/०७९ को लेखा परिक्षण प्रतिवेदन सहितको वासलात तथा नाफा नोक्सान हिसाब लगायत अन्य वित्तिय विवरणहरू र संचालक समितिको तर्फबाट प्रस्तुत प्रस्तावहरू अनुमोदनको लागि सदस्य महानुभावहरूमा हार्दिक अनुरोध गर्दछु।

धन्यवाद। जय सहकारी ॥ २०७९।०९।२२ गते शुक्रबार।

**देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि. को**
**चौधौं वार्षिक साधारण सभामा लेखा समितिको तर्फबाट**
**आ.व. २०७८/०७९ को**

# वार्षिक प्रतिवेदन

देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.को चौधौं वार्षिक साधारण सभाका सभाअध्यक्ष ज्यू, प्रमुख अतिथिज्यू, अतिथिज्यूहरू, संचालक समितिका सदस्यज्यूहरू, यस संस्थाका सम्पूर्ण सदस्य महानुभावहरू तथा अन्य आमन्त्रित सदस्यहरूमा यस संस्थाको चौधौं वार्षिक साधारण सभाको अवसरमा हार्दिक स्वागत तथा सहकारी अभिवादन ।

**सदस्य महानुभावहरू,**

देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.ले विगत १३ वर्ष देखि काठमाडौं पश्चिम भेगमा रहेको चन्द्रागिरि न.पा.मा बसोबास गर्ने नागरिकहरुलाई बचत ऋणको कारोबार गर्न एउटा राम्रो विकल्प दिएको छ । सहकारी संस्थाहरुको संख्यात्मक बृद्धि हुँदा पनि जुन साख सहित यस संस्थाले सेवा प्रदान गर्दै आईरहेको छ, त्यो प्रशंसा योग्य छ । लेखा समितिको संयोजकको हैसियतमा संस्थासंग सम्बन्धित पक्षहरु यसै प्रतिवेदनमा बुँदागत रुपमा प्रस्तुत गरेको छु ।

**संस्थाको सकारात्मक पक्षहरु**

क) सहकारी ऐन, नियम र मापदण्ड अनुरुप लेखा राख्ने गरिएको, आर्थिक प्रशासन विनियमावली, कर्मचारी प्रशासन विनियमावली, बचत निति, ऋण निति र सदस्य हितकोष निति तयार गरि लागु गरिएको छ ।

ख) पुमरी प्लस सफ्टवेयर र पूर्ण कम्प्यूटर माध्यम बाट संस्थाको कारोबार व्यवस्थित गरि पारदर्शी ढंगबाट सदस्यहरुलाई छिटो छरितो तरिकाबाट सेवा प्रदान गरिएको छ ।

ग) संचालक समिति, लेखा समिति, विभिन्न उपसमितिहरु र कर्मचारी व्यवस्थापनलाई समन्वय गर्दै संस्थाको लक्षित उद्देश्य प्राप्त गर्न पारिवारिक वातावरणमा संस्था अगाडी बढीरहेको छ ।

घ) सहकारी ऐन २०७४ बमोजिम गठन गरिएको व्याजदर निर्धारण समितिले तोकेको सन्दर्भ व्याजदर संस्थाले कार्यान्वयन गरेको छ ।

अब लेखा समितिको तर्फबाट आगामी दिनहरूका लागि लेखा समितिको तर्फबाट केही सुझावहरू पनि दिन चाहन्छु ।

## लेखा समितिको सुझावहरू:

क) सहकारीको मेरुदण्डको रुपमा रहेको नियमित बचत र शेयर पूँजीलाई बढाउने तथा संख्यात्मक भन्दा गुणात्मक सदस्य वृद्धिमा ध्यान दिनु पर्ने देखिन्छ ।

ख) नियमनकारी निकायबाट प्राप्त निर्देशन र सुझावहरूलाई पालना गर्नुपर्ने देखिन्छ ।

ग) नयाँ सहकारी ऐन लागू भएपछि संस्थाले सो ऐन संग नबाझिने गरी आफ्नो विनियम तथा नियमावलीहरू संशोधन गर्दै संस्था संचालन गर्नु पर्ने देखिन्छ ।

घ) आ.व. २०७८/०७९ को वित्तिय गतिविधिलाई अध्ययन गर्दा असुलि गर्न बाँकी पुराना ऋणहरुलाई तत्काल असुल उपर गर्नु पर्ने देखिन्छ। साथै प्रत्येक त्रैमासिकमा पाकेको ब्याज पूर्ण रुपमा असुल उपर गर्नुपर्ने देखिन्छ। कर्जामा १६ प्रतिशत ब्याज दर कायम भएपछि बचतमा पनि ब्याज दर पुनः मुल्याकंन गरि लागु गनु पर्ने देखिन्छ। साथै नियमित ब्याज तथा किस्ता नबुझाउने ऋणि सदस्यहरुलाई हर्जाना र बिलम्ब शुल्क लागु गर्नु पर्ने देखिन्छ।

ङ) संस्थाले कर्जा लगानीलाई व्यवस्थित गर्न किस्ताबन्दी ऋणको व्यवस्था गर्नु पर्ने देखिन्छ साथै दुई वर्षभन्दा बढि समय देखि कर्जाको ब्याज तथा किस्ता नबुझाउने ऋणि सदस्यहरुलाई ३५ दिने सुचना प्रकाशित गरि कानूनी प्रकृयामा ल्याउनु पर्ने देखिन्छ ।

च) संस्थाले समिति, उपसमिति साथै कर्मचारीहरूलाई अझ बढि सक्रिय परिचालन हुनका लागि क्षमता अभिवृद्धि, सेमिनार, तालिम, क्षेत्र भ्रमण तथा अवलोकन आदिको व्यवस्था गर्नुपर्ने देखिन्छ।

अन्तमा यस समितिलाई आफ्नो काम सफलता पूर्वक सम्पन्न गर्न आवश्यक सहयोग प्रदान गर्नुहुने सहकारी विभाग, सहकारी सम्बन्धि संघहरू, संचालक समिति, ऋण उप समिति, सम्पूर्ण सदस्य महानुभावहरू, प्रबन्धक, अधिकृत तथा सम्पूर्ण कर्मचारीहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

धन्यवाद । जय सहकारी ॥

**लेखा समिति**

| संयोजक: | सदस्य: | सदस्य: |
|---|---|---|
| **विमल विक्रम बानियाँ** | **माधव प्रसाद रेग्मी** | **बसन्त महर्जन** |

**S. PYATHA & ASSOCIATES**
**CHARTERED ACCOUNTANTS**

Kausaltar, Madhyapur Thimi-3,
Bhaktapur, Nepal
G.P.O Box 6339, Dillibazar, Kathmandu, Nepal
Email : casureshpyatha@gmail.com;
spyathaandassociates@gmail.com
Mobile : 9801910441; 9849691671

**Independent Auditor's Report**

**To the members of Dev Darshan Saving and Credit Co-operative Limited**

# Report on the Audit of the Financial Statements

## Disclaimer of Opinion

We have audited the Financial Statements of Dev Darshan Saving and Credit Co-operative Limited, which comprise of the Statement of Financial Position as on 32 Ashadh 2079, the Statement of Profit or Loss, the Statement of Changes in Equity, the Statement of Cash Flows for the year then ended, and the notes to the financial statements, including a summary of significant accounting policies.

We do not express an opinion, on the accompanying financial statements of the Co-operative whether the financial statements are fairly presented as per Nepal Financial Reporting Standards (NFRSs). Because of the significance of the matters described in the basis for Disclaimer of Opinion section of our report, we have not been able to obtain sufficient appropriate audit evidence to provide a basis for an audit opinion on these financial statements.

## Basis for Disclaimer of Opinion

The Institute of Chartered Accountants of Nepal (ICAN) has changed the applicable reporting framework for the entities with statement of financial position total of NPR 1 billion or more. However, the Co-operative has prepared its financial statements as per directive issued by the Co-operative Department. The cumulative effect of not preparing financial statements in compliance with Nepal Financial Reporting Standards is uncertain and could be material and pervasive.

S. Pyatha & Associates, Bhaktapur, Chartered Accountants

We have conducted our audit in accordance with Nepal Standards on Auditing (NSAs). Our responsibilities under those standards are further described in the Auditor's Responsibilities for the Audit of the Financial Statement section of our report. We are independent of the Co-operative in accordance with ICAN's Code of Ethics for Professional Accountants together with the ethical requirements that are relevant to our audit of the financial statements, and we have fulfilled our ethical responsibilities in accordance with these requirements.

**Key Audit Matters**

Except for the matters described in the Basis for Disclaimer of Opinion, we have determined that there are no other key audit matters to communicate in our report.

**Other Information**

We have nothing to report on the other information in the Annual Report. The Board Members of the Co-operative are responsible for the other information presented in the Co-operative's Annual Report 2078-79 together with the financial statements. Our opinion on the Financial Statements does not cover the other information and, accordingly, we do not express an audit opinion or, except as explicitly stated below, any form of assurance conclusion thereon.

**Responsibilities of Management and Those Charged with Governance for the Financial Statements**

Management is responsible for the preparation and fair presentation of these financial statements in accordance with the Nepal Financial Reporting Standards (NFRSs), and for such internal control as management determines is necessary to enable the preparation of the financial statements that are free from material misstatement, whether due to fraud or error.

In preparing the financial statements, management is responsible for assessing the Co-operative's ability to continue as a going concern, disclosing, as applicable, matters related to going concern and using the going concern basis of accounting unless the management either intends to liquidate the Co-operative or to cease operations, or has no realistic alternative but to do so.

S. Pyakurel & Associates
Bhaktapur
Chartered Accountants

Those charged with governance are responsible for overseeing the Co-operative's financial reporting process.

**Auditor's Responsibilities for the Audit of Financial Statement**

Our objectives are to obtain reasonable assurance about whether the financial statements as a whole are free from material misstatement, whether due to fraud or error, and to issue an auditor's report that includes our opinion. However, because of the matters described in the Basis for Disclaimer of Opinion section of our report, we were not able to obtain sufficient appropriate audit evidence to provide a basis for an audit opinion on these financial statements.

**Report on Other Legal and Regulatory Requirements**

On the basis of our examination, we would like to further report that:

(a) We have obtained information and explanation asked for, which, to the best of knowledge and belief, were necessary for the purpose of our audit.

(b) The accounts and records of the Co-operative have been maintained as required by the law except as mentioned above.

(c) The Co-operative had collected deposits in contravention of the provision of Section 50(7) of the Co-operative Act, 2074. The Co-operative had collected deposits of NPR 106,584,984 which is excess than prescribed limit.

(d) The Co-operative had received deposits from non-members, in contravention of the provision of Section 50(1) of the Co-operative Act, 2074.

(e) The Co-operative disbursed loan to non-members, in contravention of the provision of Section 50(1) of the Co-operative Act, 2074. The total disbursed loans and outstanding loans were NPR 960,000 and NPR 798,312.46 respectively as on Ashadh 32, 2079.

(f) The Co-operative had disbursed loans to more than 49% of members of the Board of Directors and Account Supervisory Committee in contravention of the provision of Section 29 of Co-operative Registration, Operation, Audit, Inspection, and Monitoring Standards, 2068. The total outstanding loans amounted to NPR 28,858,875 as at Ashadh 32, 2079.

S. Pyatha & Associates, Chartered Accountants, Bhaktapur

(g) The management and the Board of Directors of Co-operative had identified the loans whose principal and interest amounts were not recovered for more than two years as unrecoverable. The outstanding principal amount for such loans were NPR 3,362,207 and the provision made by the co-operative was NPR 33,622.07. However as per Section 30 of Co-operative Registration, Operation, Audit, Inspection, and Monitoring Standards, 2068, the correct provision amount should have been NPR 3,362,207.

(h) The Co-operative had made the provision for gratuity payable to staff at the time of retirement amounting to NPR 2,139,911. However, the calculated provision as per the Employee Administration Regulation, 2067 amounted to NPR 5,599,214 thereby understating the liability by NPR 3,459,303.

(i) The Co-operative had made provision for leave encashment payable to staff at the time of retirement amounting to NPR 17,540.37. However, the calculated provision as per the Employee Administration Regulation, 2067 amounted to NPR 2,248,094 thereby understating the liability by NPR 2,230,554.

.............................................

**CA. Suresh Pyatha**
Proprietor
S. Pyatha & Associates
Chartered Accountants
UDIN No: 221230CA01311F2diy

Date: 2079.09.01
Place: Bhaktapur

# देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.

चन्द्रागिरि न.पा.-५, दाउराडिपो, काठमाडौं

## बित्तीय अवस्थाको विवरण

**आषाढ मसान्त २०७९**

| विवरण | नोट | आषाढ मसान्त २०७९ | आषाढ मसान्त २०७८ |
|---|---|---|---|
| **सम्पत्ति** | | | |
| नगद तथा नगद समान | ४.१ | ७७,५७३,३३१ | १९०,०३५,८७० |
| सदस्यलाई ऋण लगानी | ४.२ | १,०१०,२५२,५४६ | ८८३,४३४,४१२ |
| लगानी सुरक्षणपत्र | ४.३ | १,४३७,४०० | १,४३७,४०० |
| चालु कर सम्पत्ति | ४.४ | ५३५,८८० | १,११२,३७७ |
| सम्पत्ति तथा उपकरण | ४.५ | ८२,६७२,७४४ | ७९,७१०,३८१ |
| अमूर्त सम्पत्ति | ४.६ | ९९,२५८ | ३०८,९५५ |
| स्थगन कर सम्पत्ति | ४.७ | ९८,३५३ | - |
| अन्य सम्पत्ति | ४.८ | ३,९०५,३५७ | ४,०८६,४९७ |
| **जम्मा सम्पत्ति** | | १,१७६,५७४,८६८ | १,१६०,१२५,८९३ |
| **दायित्व** | | | |
| सदस्यबाट निक्षेप | ४.९ | १,०६५,६२२,०४० | १,०५९,५६३,८६७ |
| व्यवस्था | ४.१० | १२,२५९,९७७ | ७,१३०,९९९ |
| अन्य दायित्व | ४.११ | २२,५७१,८५७ | २२,६९९,५२३ |
| **जम्मा दायित्व** | | १,१००,४५३,८७४ | १,०८९,३९४,३८९ |
| **ईक्विटी** | | | |
| शेयर पूँजी | ४.१२ | ४२,७०७,००० | ४१,०३१,३०० |
| जगेडा तथा अन्य कोषहरु | ४.१३ | ३३,४१३,९९३ | २९,७००,२०३ |
| **जम्मा ईक्विटी** | | ७६,१२०,९९३ | ७०,७३१,५०३ |
| **जम्मा दायित्व र ईक्विटी** | | १,१७६,५७४,८६८ | १,१६०,१२५,८९३ |

लेखा टिप्पणीहरु १ देखि ५ यस आर्थिक विवरणका अभिन्न अंग हुन्।

हाम्रो आजको मितिको प्रतिवेदन अनुसार।

| प्रबन्धक | उपाध्यक्ष | अध्यक्ष | सचिव | कोषाध्यक्ष | **सि.ए. सुरेश प्याठ** (प्रोप्राइटर) |
|---|---|---|---|---|---|
| **प्रविण सिलवाल** | **बेली मैंया घले** | **राम नारायण घिमिरे** | **राम तामाङ्ग** | **राजु कार्की** | एस्. प्याठ एण्ड एसोसिएट्स<br>चार्टर्ड एकाउन्टेन्ट्स |

मिति: २०७९-०९-०१

स्थान: काठमाडौं

# देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.

चन्द्रागिरि न.पा.-५, दाउरा डिपो, काठमाडौं

## नाफा नोक्सान विवरण

**१ श्रावण २०७८ देखि ३२ आषाढ २०७९ सम्मको**

| विवरण | नोट | १ श्रावण २०७८ देखि ३२ आषाढ २०७९ सम्मको | १ श्रावण २०७७ देखि ३१ आषाढ २०७८ सम्मको |
|---|---|---|---|
| व्याज आम्दानी | ४.१४ | १३६,४६०,७४५ | १०६,८०३,९७० |
| व्याज खर्च | ४.१५ | ११६,४९५,०३४ | ९४,५३३,६२४ |
| **खुद व्याज आम्दानी** | | १९,९६५,७११ | १२,२७०,३४६ |
| शूल्क तथा कमिशन आम्दानी | ४.१६ | १४,३८८,४६३ | १४,९४२,४६७ |
| शूल्क तथा कमिशन खर्च | ४.१७ | - | - |
| **खुद शूल्क तथा कमिशन आम्दानी** | | १४,३८८,४६३ | १४,९४२,४६७ |
| **खुद व्याज, शूल्क तथा कमिशन आम्दानी** | | ३४,३५४,१७५ | २७,२१२,८१३ |
| खुद व्यापारिक आम्दानी | ४.१८ | - | - |
| अन्य संचालन आम्दानी | ४.१९ | १४९,७१० | ५१,१६२ |
| **कुल संचालन आम्दानी** | | ३४,५०३,८८४ | २७,२६३,९७५ |
| कर्जाको नोक्सानी व्यवस्था/(फिर्ता तथा अन्य नोक्सानी | ४.२० | ४,६५०,०५७ | - |
| **खुद संचालन आम्दानी** | | २९,८५३,८२७ | २७,२६३,९७५ |
| **संचालन खर्च** | | | |
| कर्मचारी खर्च | ४.२१ | १३,७६०,२३४ | १३,७४१,६५४ |
| अन्य संचालन खर्च | ४.२२ | ५,६८०,९१० | ४,०६२,२८९ |
| ह्रास तथा परिशोधन खर्च | ४.२३ | ९५४,९७३ | १,०५८,६२३ |
| **संचालन नाफा** | | ९,४५७,७१० | ८,४०१,४०९ |
| गैर संचालन आम्दानी | | १६३,११८ | १५९,४५५ |
| गैर संचालन खर्च | | - | ३६१,७८९ |
| **आयकर अघिको नाफा** | | ९,६२०,८२८ | ८,१९९,०७५ |
| **आयकर खर्च** | | | |
| चालु कर | | ५२२,६४७ | ४०९,९५४ |
| स्थगन कर | | (९८,३५३) | - |
| **यस आर्थिक बर्षको नाफा** | | ९,१९६,५३३ | ७,७८९,१२१ |

लेखा टिप्पणीहरु १ देखि ५ यस आर्थिक विवरणका अभिन्न अंग हुन्।

हाम्रो आजको मितिको प्रतिवेदन अनुसार

| प्रबन्धक | उपाध्यक्ष | अध्यक्ष | सचिव | कोषाध्यक्ष | सि.ए. सुरेश प्याठ (प्रोप्राइटर) |
|---|---|---|---|---|---|
| **प्रविण सिलवाल** | **बेली मैंया घले** | **राम नारायण घिमिरे** | **राम तामाङ्ग** | **राजु कार्की** | एस्. प्याठ एण्ड एसोसिएट्स |
| | | | | | चाटर्ड एकाउन्टेन्ट्स |

मितिः २०७९-०९-०१
स्थानः काठमाडौं

# देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.

चन्द्रागिरि न.पा.-५, दाउराडिपो, काठमाडौ

## नगद प्रवाह विवरण

### १ श्रावण २०७८ देखि ३२ आषाढ २०७९ सम्म

| विवरण | १ श्रावण २०७८ देखि ३२ आषाढ २०७९ सम्मको | १ श्रावण २०७७ देखि ३१ आषाढ २०७८ सम्मको |
|---|---|---|
| **कारोवार संचालनबाट नगद प्रवाह** | | |
| व्याज आम्दानी | १३६,४६०,७४५ | १०६,८०३,९७० |
| शुल्क तथा अन्य आम्दानी | १४,५३८,१७३ | १४,९९३,६२९ |
| लाभांश आम्दानी | १६३,११८ | १५९,४५५ |
| व्याज खर्च | (११६,४९५,०३४) | (९४,५३३,६२४) |
| कमिशन तथा शुल्क खर्च | - | - |
| कर्मचारी खर्च | (१२,३३०,४८७) | (१२,८३०,६४५) |
| अन्य खर्च | (५,५०४,२९९) | (४,०६२,२८९) |
| **संचालन सम्पत्ति तथा दायित्वको परिवर्तन अघिको संचालन नगद प्रवाह** | १६,८३२,२१६ | १०,५३०,४९६ |
| **संचालन सम्वन्धि चालु सम्पत्तिमा कमि/(वृद्धि)** | | |
| सदस्यलाई दिएको कर्जा तथा सापट | (१२६,८१८,१३३) | (२६९,४२२,४२१) |
| अन्य सम्पत्ति | ७५७,६३८ | (२,२५८,२५३) |
| **संचालन सम्वन्धि चालु दायित्वमा (कमि)/वृद्धि** | | |
| सदस्यको निक्षेप | ६,०५८,१७३ | ३६७,२७१,३७४ |
| अन्य दायित्व | (१२७,६६६) | ५,६९९,१३४ |
| **आयकर भुक्तानी अघिको कारोवार संचालनबाट खुद नगद प्रवाह** | (१०३,२९७,७७३) | १११,८२०,३३० |
| आयकर भुक्तानी | (५२२,६४७) | (४०९,९५४) |
| **कारोवार संचालनबाट खुद नगद प्रवाह** | (१०३,८२०,४२०) | १११,४१०,३७७ |
| **लगानी कारोवारबाट नगद प्रवाह** | | |
| सम्पत्ति तथा उपकरणहरुको खरिद | (३,८८४,२५०) | (६१,९४९,०१९) |
| लगानी कारोवारमा खुद नगद प्रवाह | (३,८८४,२५०) | (६१,९४९,०१९) |
| **वित्तीय कारोवारबाट नगद प्रवाह** | | |
| शेयर निष्काशनबाट प्राप्ती | २,७१२,३०० | २,६९९,२०० |
| शेयर फिर्ताबापटको भुक्तानी | (१,०३६,६००) | (१,७८७,५००) |
| लाभांश खर्च | (५,९५७,५९०) | (५,७१७,०५२) |
| अन्य कोषबाट भुक्तानी | (४७५,९७९) | (६२४,१७३) |
| वित्तीय कारोवारबाट खुद नगद प्रवाह | (४,७५७,८७०) | (५,४२९,५२४) |
| **नगद प्रवाहमा भएको खुद (कमी)/वृद्धि** | (११२,४६२,५३९) | ४४,०३१,८३३ |
| नगद तथा नगद समानमा रहेको शुरुवाती मौज्दात | १९०,०३५,८७० | १४६,००४,०३७ |
| नगद तथा नगद समानमा विनिमय दर परिवर्तनको असर | - | - |
| **नगद तथा नगद समानमा रहेको अन्तिम मौज्दात** | ७७,५७३,३३१ | १९०,०३५,८७० |

लेखा टिप्पणीहरु १ देखि ५ यस आर्थिक विवरणका अभिन्न अंग हुन्। हाम्रो आजको मितिको प्रतिवेदन अनुसार।

| प्रवन्धक | उपाध्यक्ष | अध्यक्ष | सचिव | कोषाध्यक्ष | **सि.ए. सुरेश प्याठ** (प्रोप्राइटर) |
|---|---|---|---|---|---|
| **प्रविण सिलवाल** | **बेली मैंया घले** | **राम नारायण घिमिरे** | **राम तामाङ्ग** | **राजु कार्की** | एस्. प्याठ एण्ड एसोसिएट्स |
| | | | | | चाटर्ड एकाउन्टेन्ट्स |

मितिः २०७९-०९-०१
स्थानः काठमाडौं

# देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.

## इक्विटीमा भएको परिवर्तनको विवरण

### १ श्रावण २०७८ देखि ३२ आषाढ २०७९ सम्म

| विवरण | सहकारीका साधारण शेयरधनीका निमित्त | | | | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | शेयर पूँजी | जगेडा कोष | संर्क्षित पूँजीफिर्ता कोष | सहकारी प्रवर्द्धन कोष | लाभांश कोष | कर्मचारी बोनश कोष | सहकारी बिकास कोष | सहकारी शिक्षा तथा तालिम कोष | घाटापूर्ति कोष | सदस्य हित कोष | स्थिरीकरण कोष | यस बर्षको नाफा | |
| १ श्रावण २०७७ सालको मौज्दात | ४०,११९,६०० | १५,९७२,६६९ | १,५५७,३०३ | ५३,५६३ | ६,५०५,९३० | ९७१,४१७ | १५४,००० | १४०,९५५ | १२०,००० | १,६३१,८६५ | २३३,५९६ | - | ६७,४६०,८९८ |
| समायोजन/पुन:स्थापना | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| १ श्रावण २०७७ को समायो जीत/पुन:स्थापित मौज्दात | ४०,११९,६०० | १५,९७२,६६९ | १,५५७,३०३ | ५३,५६३ | ६,५०५,९३० | ९७१,४१७ | १५४,००० | १४०,९५५ | १२०,००० | १,६३१,८६५ | २३३,५९६ | - | ६७,४६०,८९८ |
| **यस वर्षको नाफा नोक्सानको विवरण** | | | | | | | | | | | | | - |
| यस आ.ब.मा शेयर थप | २,६९९,२०० | | | | | | | | | | | | २,६९९,२०० |
| यस आ.ब.मा शेयर फिर्ता | (१,७८७,५००) | | | | | | | | | | | | (१,७८७,५००) |
| यस वर्षको मुनाफा | | | | | | | | | | | | ७,७८९,१२१ | ७,७८९,१२१ |
| नाफाबाट विभिन्न कोषमा विभाजन | | १,९४७,२८० | १,४६०,४६० | २९,२०९ | ४,०००,००० | | २०,००० | २०,०७९ | २०,००० | - | २९२,०९२ | (७,७८९,१२१) | - |
| कोषमा थप | | | | | | ९११,००८ | | | | ४७९,४०० | | | १,३९०,४०८.३२ |
| कोषहरु बिच रकमान्तर भएको रकम | | ९३९,८१३ | (१,५५७,३०३) | ४२,१५४ | १,५५७,३०३ | (२,४१७) | (१५४,०००) | (१४०,९५५) | (१२०,०००) | (३३१,०००) | (२३३,५९६) | | - |
| सदस्यलाई लाभांश वितरण | | | | | (५,७१७,०५२) | | | | | | | | (५,७१७,०५२) |
| कोषबाट भएको भुक्तानी | | | | (६४,५७२) | | (९६९,००१) | | | | (७०,०००) | | | (१,१०३,५७३) |
| **आषाढ मसान्त २०७८ को मौज्दात** | ४१,०३१,३०० | १८,८५९,७६२ | १,४६०,४६० | ६०,३५४ | ६,३४६,१८२ | ९११,००८ | २०,००० | २०,०७९ | २०,००० | १,७१०,२६५ | २९२,०९२ | - | ७०,७३१,५०३ |
| समायोजन/पुन:स्थापना | - | - | - | - | - | - | - | - | - | - | - | | - |
| १ श्रावण २०७८ को समायो जीत/पुन:स्थापित मौज्दात | ४१,०३१,३०० | १८,८५९,७६२ | १,४६०,४६० | ६०,३५४ | ६,३४६,१८२ | ९११,००८ | २०,००० | २०,०७९ | २०,००० | १,७१०,२६५ | २९२,०९२ | - | ७०,७३१,५०३ |
| यस वर्षको नाफा नोक्सानको विवरण | | | | | | | | | | | | | - |
| यस आ.ब.मा शेयर थप | २,७१२,३०० | | | | | | | | | | | | २,७१२,३०० |
| यस आ.ब.मा शेयर फिर्ता | (१,०३६,६००) | | | | | | | | | | | | (१,०३६,६००) |
| यस वर्षको मुनाफा | | | | | | | | | | | | ९,१९६,५३३ | ९,१९६,५३३ |
| नाफाबाट विभिन्न कोषमा विभाजन | | २,२९९,१३३ | १,७२४,३५० | ३४,४८७ | ४,११०,८५० | | २५६,९२८ | २५६,९२८ | २५६,९२८ | - | २५६,९२८ | (९,१९६,५३३) | - |
| कोषमा थप | | | | | | ९५०,८२६ | | | | ४२५,२०० | | | १,३७६,०२६ |
| कोषहरु बिच रकमान्तर भएको रकम | | ६९,९०८ | | | | (९,८२९) | (२०,०००) | (२०,०७९) | (२०,०००) | | | | - |
| सदस्यलाई लाभांश वितरण | | | | | (५,९५७,५९०) | | | | | | | | (५,९५७,५९०) |
| कोषबाट भएको भुक्तानी | | | | | | (९०१,१७९) | | | | | | | (९०१,१७९) |
| **आषाढ मसान्त २०७९ को मौज्दात** | ४२,७०७,००० | २१,२२८,८०४ | ३,१८४,८१० | ९४,८४१ | ४,४९९,४४२ | ९५०,८२६ | २५६,९२८ | २५६,९२८ | २५६,९२८ | २,१३५,४६५ | ५४९,०२० | - | ७६,१२०,९९३ |

लेखा टिप्पणीहरु १ देखि ५ यस आर्थिक विवरणका अभिन्न अंग हुन्।

हाम्रो आजको मितिको प्रतिवेदन अनुसार।

मिति: २०७९-०९-०१
स्थान: काठमाडौं

| प्रबन्धक | उपाध्यक्ष | अध्यक्ष | सचिव | कोषाध्यक्ष | |
|---|---|---|---|---|---|
| **प्रविण सिलवाल** | **बेली मैया घले** | **राम नारायण घिमिरे** | **राम तामाङ्ग** | **राजु कार्की** | **सि.ए. सुरेश प्याठ** (प्रोप्राइटर)<br>एस्. प्याठ एण्ड एसोसिएट्स<br>चाटर्ड एकाउन्टेन्ट्स |

# देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.

**चन्द्रागिरि न.पा.-५, दाउरा डिपो, काठमाडौ**

**आ.व. २०७८/०७९**

# प्रमुख लेखा नीति तथा टिप्पणीहरू

## १. संस्थाको परिचय

यस देवदर्शन बचत तथा ऋण सहकारी संस्था लिमिटेड सहकारी ऐन, २०४८ अनुसार २०६५ साल फाल्गुन महिनाको १६ गते सहकारी डिभिजन कार्यालयमा दर्ता भएको सहकारी संस्था हो । संस्थाको दर्ता नम्बर २०९१/०६५/६६ रहेको छ । संस्थाको कार्यालय काठमाडौं जिल्ला चन्द्रागिरि नगरपालिका वडा नं. ५, दाउराडिपोमा रहेको छ । आन्तरिक राजस्व कार्यालय कलंकीमा मिति २०६६ साल आषाढ महिनाको ३० गते दर्ता भएको यस संस्थाको स्थायी लेखा नम्बर ३०३७४३८७५ रहेको छ । संस्थाको कार्यक्षेत्र चन्द्रागिरि नगरपालिका र काठमाडौं महानगरपालिका भरी रहेको छ ।

संस्थाका सदस्यहरूलाई मितव्ययिताको भावना जागृत गराई नियमित रुपले बचत गर्ने बानीको विकास गर्ने, सदस्यहरूको व्यक्तिगत एवं सामुहिक क्षमता अभिबृद्धि गरी स्वावलम्बी एवं आत्मनिर्भर समाजको निर्माणमा योगदान पुऱ्याउने, सदस्यहरूको आयआर्जन क्षमताको पहिचान गरी उत्पादनशील र आयमुलक क्षेत्रमा सदस्यहरू मार्फत लगानी प्रबद्धन गरी छरिएर रहेको पुँजीको उपयोग बढाई सदस्यहरूको आर्थिक, सामाजिक अवस्थामा सुधार गर्ने उद्देश्यले यस संस्थाको स्थापना भएको हो ।

## २. प्रमुख लेखा नीतिको सारांश

संस्थाका वित्तीय विवरणहरू तयार पार्न प्रयुक्त लेखा नीतिहरू तल उल्लेख गरिएको छ । अन्यथा उल्लेख गरिएकोमा बाहेक यी नीतिहरू प्रत्येक आर्थिक वर्षको वित्तीय विवरण प्रस्तुत गर्दा नियमित रूपमा प्रयोग गरिएका छन् ।

### २.१ अनुपालन विवरण

वित्तीय विवरणहरू अन्यथा उल्लेख गरिएकामा बाहेक सहकारीमा प्रचलित लेखा नीति, सहकारी ऐन, २०७४ तथा सहकारी नियमावली, २०७५, नेपाल लेखामान (Nepal Accounting Standards) तथा सर्वमान्य लेखा सिद्धान्तहरू (Generally Accepted Accounting Principles) बमोजिम तयार पारिएका छन् ।

### २.२ रिपोर्टिङ्ग अवधि तथा वित्तीय विवरणको स्वीकृति

**(क) रिपोर्टिङ्ग अवधि**

वित्तीय विवरण नेपाली आर्थिक वर्षको आधारमा तयार गर्दछ । त्यस अनुरुपको अंग्रेजी मितिहरू देहाय बमोजिम छन् :

| वित्तीय विवरण | नेपाली मिति | अंग्रेजी मिति |
|---|---|---|
| वित्तीय अवस्थाको विवरण | ३२ आषाढ २०७९ | १६ जुलाई २०२२ |
| नाफा नोक्सान विवरण | १ श्रावण २०७८ देखि ३२ आषाढ २०७९ | १६ जुलाई २०२१ देखि १६ जुलाई २०२२ |
| नगद प्रवाह विवरण | ३२ आषाढ २०७९ | १६ जुलाई २०२२ |
| इक्विटीमा भएको परिवर्तन | १ श्रावण २०७८ देखि ३२ आषाढ २०७९ | १६ जुलाई २०२१ देखि १६ जुलाई २०२२ |

अघिल्लो आर्थिक वर्षको वित्तीय विवरण समेत पुनःवर्गीकरण गरिएको छ ।

**(ख) वित्तीय विवरणको जिम्मेवारी**

सहकारी ऐन, २०७४ को प्रावधान अनुसार संस्थाको वित्तीय विवरणको तयारी तथा प्रस्तुतिको जिम्मेवारी संचालक समितिको रहेको छ ।

**(ग) संचालक समितिबाट वित्तीय विवरणको स्वीकृति**

संलग्न वित्तीय विवरण मिति २०७९ साल पौष महिनाको १ गतेका दिन सम्पन्न संस्थाको संचालक समितिको बैठकले साधारण सभा समक्ष अनुमोदनको लागि पेश गर्ने गरी स्वीकृत गरेको छ ।

## २.३ वित्तीय विवरण प्रस्तुतिको मुद्रा

संस्थाको वित्तीय विवरण नेपाली रुपैँया (रु) मा प्रस्तुत गरिएको छ । यस आर्थिक वर्षमा संस्थाको कार्यगत तथा प्रस्तुति मुद्रामा परिवर्तन भएको छैन ।

## २.४ अनुमान, धारणा र स्वविवेकको प्रयोग

नेपाल लेखामान अनुरुप वित्तीय विवरण तयार गर्दा संस्थाको व्यवस्थापनले केही निश्चित निर्णय, अनुमान र धारणाहरू बनाउन आवश्यक हुन्छ जसको असर लेखा नीति तथा रिपोर्ट गरिएको सम्पत्ति, दायित्व, आम्दानी र खर्चमा पर्न जान्छ । यी अनुमानका आधारमा आंकलन गरिएको रकम वास्तविक परिणाम भन्दा भिन्न हुन सक्दछ ।

अनुमान तथा धारणाहरूलाई निरन्तर रुपमा समिक्षा गर्ने गरिन्छ । लेखाङ्कन अनुमानमा भएको संशोधनलाई सोही अवधिमा र यदि भविष्यमा असर पर्छ भने सो अवधिमा समेत लेखाङ्कन गरिन्छ ।

अनुमान, अनिश्चितता र स्वविवेकको प्रयोग हुने महत्वपूर्ण क्षेत्रहरू जसको कारण वित्तीय विवरणमा गम्भिर असर पर्दछ, त्यस्ता क्षेत्रहरू निम्न बमोजिम छन् :

### २.४.१ निरन्तरता (Going Concern)

संस्थाको संचालक समितिले संस्थाको निरन्तर संचालन हुन सक्ने क्षमताको मूल्याङ्कन गर्दा संस्था निरन्तर रुपमा संचालन हुन सक्ने पाएको छ । साथै संचालक समितिले संस्थाको निरन्तर रुपमा संचालन हुन सक्ने क्षमतामा ह्रास पुऱ्याउने खालको कुनै घटना वा अवस्था पाएको छैन । तसर्थ संस्थाको वित्तीय विवरण निरन्तरतामा आधारित रहेर तयार पारिएको छ ।

### २.४.२ आयकर

संस्था आयकरको दायरामा पर्दछ र चालु, स्थगन र अन्य करहरूको कूल व्यवस्था निर्धारण गर्नको निम्ति संस्थालाई लागु हुने करका नियमहरूको व्याख्याको कारण सृजित अनिश्चितताले वित्तीय विवरण तयार गर्दाको समयमा स्वविवेकको आवश्यकता पर्दछ । भविष्यमा करयोग्य आय सृजित हुने सम्भावना मानी उक्त करयोग्य आयमा समायोजन गर्न सकिनेसम्म कर नोक्सानीको आधारमा स्थगन कर सम्पत्ति लेखाङ्कन गरिएको छ। स्थगन कर सम्पत्तिको लेखाङ्कन गर्न स्वविवेकको आवश्यकता पर्दछ जुन भविष्यमा हुने करयोग्य नाफा, सम्भावित समय र भविष्यको कर योजनामा आधारित हुन्छ ।

### २.४.३ सम्पत्ति तथा उपकरण

सम्पत्ति तथा उपकरणलाई ऐतिहासिक मूल्य अवधारणा अनुरुप लेखाङ्कन गरिएको छ । सम्पत्ति तथा उपकरणको लेखाङ्कन गर्दा सो सम्पत्ति खरीद वा निर्माण गर्दा लागेको लागत मूल्यका साथै सोसँग सम्बन्धित प्रत्यक्ष खर्चहरू समेत समावेश गरिएका छन् ।

### २.४.४ सम्पत्ति तथा उपकरणको उपयोगी समयावधि

संस्थाले सम्पत्ति तथा उपकरणहरूलाई परल मूल्यको आधारमा लेखाङ्कन गर्दछ । संस्थाले सम्पत्ति तथा उपकरणहरूको शेष मूल्य (residual value), उपयोगी समयावधि र ह्रासकट्टीको तरिका प्रत्येक रिपोर्टिङ्ग मितिमा समिक्षा गर्दछ । यस्ता मूल्य, दर र ह्रासकट्टीको तरिका व्यवस्थापनको अनुमानमा आधारित हुन्छन् जसकारण यसमा अनिश्चितता रहन्छ ।

### २.४.५ सम्पत्ति तथा उपकरणमा ह्रासकट्टी

सम्पत्ति तथा उपकरणमा ह्रासकट्टी घट्दो ह्रास प्रणालीको आधारमा संस्थाको आर्थिक प्रशासन सम्बन्धी विनियमावली, २०६७ ले तोकेको निम्न दररेट अनुसार गरिएको छ ।

| सम्पत्तिको विवरण | | वार्षिक ह्रासकट्टी |
|---|---|---|
| (क) भवन | : | ५% |
| (ख) कम्प्यूटर तथा कार्यालय सामान | : | २५% |
| (ग) फर्निचर तथा फिक्स्चर | : | २५% |
| (घ) कार्यालय उपकरण | : | २५% |
| (ङ) सवारी साधन | : | २०% |
| (च) कार्यालय पार्टिशन | : | २५% |

### २.४.६ अमुर्त सम्पत्ति

संस्थाले खरिद गरेको सफ्टवेयरको सम्पत्ति लेखाङ्कन गर्दा खरिद मूल्यमा ह्रासकट्टी तथा क्षय नोक्सानी घटाइन्छ ।

### २.४.७ अमुर्त सम्पत्तिको परिषोधन

अमूत सम्पतिमा परिषोधन समानान्तर प्रणालीको आधारमा संस्थाको आर्थिक प्रशासन सम्बन्धी विनियमावली, २०६७ ले तोकेको निम्न दररेट अनुसार गरिएको छ ।

(क) सफ्टवेयर ५ बर्षमा समानान्तर बिधिमा

### २.४.८ ब्याज आम्दानी

ऋण तथा सापटी लगानीबाट आर्जित ब्याजलाई सहकारी संघ संस्था दर्ता, संचालन, लेखा परीक्षण, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड, २०६८ अनुसार नगद प्राप्तिको आधारमा लेखाङ्कन गरिएको छ ।

### २.४.९ ब्याज खर्च

निक्षेप दायित्व एवं बैंकबाट लिएको ऋणमा तिर्नुपर्ने ब्याज प्रोद्भाबी आधार (Accrual Basis) मा लेखाङ्कन गरिएको छ ।

### २.४.१० ब्याजको गणनाका आधारहरू

संस्थाले ३६५ दिनलाई वर्ष मानी निक्षेप तथा ऋणको ब्याज दैनिक रुपमा हिसाब गरी लिएको दिन देखि बुझाएको अघिल्लो दिनसम्मको हिसाब गर्ने गरिएको छ ।

### २.४.११ ऋण जोखिम कोष व्यवस्था

संस्थाले ऋण लगानी तर्फ वर्षान्तमा असुल गर्न बाँकी कुल लगानीमा रहेको ऋण रकमलाई असुलीको अवस्थाको आधारमा असल ऋण (भाखा ननाघेको), शंकास्पद ऋण (१ देखि १२ महिना सम्म भाखा नाघेको) र खराब ऋण (१२ महिना भन्दा बढी भाखा नाघेको) मा वर्गीकरण गरिएको छ । यसरी वर्गीकरण गरिएका ऋणहरूको लागि सहकारी विभागबाट जारी सहकारी संघ संस्था दर्ता, संचालन, लेखा परीक्षण, अनुगमन तथा नियमनसम्बन्धी मापदण्ड, २०६८ अनुसार व्यवस्था गरिएको ऋण नोक्सानी कोषको व्यवस्था निम्नानुसार रहेको छ ।

| ऋण वर्गीकरण | विधि | दर (प्रतिशत) |
|---|---|---|
| असल ऋण | भाखा ननाघेको | १ |
| शंकास्पद ऋण | १ बर्षसम्म भाखा ननाघेको | ३५ |
| खराब ऋण | १ बर्ष भन्दा बढी भाखा नाघेका | १०० |

### २.४.१२ कर्मचारी बोनस

कर्मचारी बोनसको व्यवस्था बोनस ऐन, २०३० अनुसार गरिएको छ ।

### २.४.१३ कर्मचारी उपदान कोष :

कर्मचारी प्रशासनिक नियमावली, २०६७ मा भएको व्यवस्था बमोजिम कर्मचारीहरूको उपदान कोष बापतको रकम संस्थामै कर्मचारी उपदान कोष खडा गरि खुद हुन आउने रकम अनुमान गरी वार्षिक रुपमा जम्मा गर्ने गरिएको छ ।

**२.४.१४ लगानी सुरक्षण पत्र:**

सहकारी बैंक, केन्द्रीय विषयगत सहकारी संघ, जिल्ला विषयगत सहकारी संघहरूको शेयरमा गरिएको लगानीलाई परल मोलको आधारमा लेखांकन गरिएको छ ।

**२.४.१५ मसलन्द मौज्दात** :

मौज्दातमा रहने गरी छपाई/खरिद गरिएका मसलन्द सामग्रीहरू र स्टेशनरी सामानहरूको मौज्दातलाई लागत मुल्यको आधारमा मसलन्द मौज्दात हिसाबमा लेखाङ्कन गरिएको र उपयोग गरेको समयमा खर्च जनाउने गरिएको छ ।

**२.४.१६ कर्मचारी औषधि उपचार खर्च**

कर्मचारी प्रशासनिक नियमावली, २०६७ बमोजिम हरेक आर्थिक वर्षको आषाढ महिनामा स्थायी कर्मचारीलाई खाइपाई आएको एक महिना बरावरको तलब रकमलाई औषधि उपचार खर्च व्यवस्था गर्ने गरिएको छ ।

**२.४.१७ कर्मचारी सञ्चित विदा**

कर्मचारी प्रशासनिक नियमावली, २०६७ बमोजिम कर्मचारीहरूको पाकेको विदामा उपयोग गरी सञ्चित रहेको विदाको १३५ दिन सञ्चित राखी सो भन्दा बढी भएकोमा आर्थिक बर्षको अन्तमा विदाको रकम तलब स्केलको आधारमा संचालक समितिबाट स्वीकृत गराइ रकम दिने गरिएको छ ।

## ३. लेखा सम्बन्धि टिप्पणीहरू

### ३.१ जेथा (Equity)

सम्पत्तिबाट सम्पूर्ण दायित्व घटाई बाँकी रहने सदस्यहरूको स्वार्थ नै जेथा (Equity) हो । जसमा सदस्यहरूले शेयरमा लगानी गरेको रकम, जगेडा कोष र अन्य कोषहरू पर्दछन् ।

**३.१.१ शेयर पूँजी** (Share Capital)

शेयर पूँजी अन्तर्गत सदस्यहरूले लगानी गरेको रकम पर्दछ । यस संस्थाको प्रति शेयर अंकित मुल्य रु १०० दरका ४,२७,७०७ कित्ताको रु ४,२७,७०,७०० चुक्ता शयेर पूँजी रहेको छ ।

**३.१.२ कोषहरू**

**क.जगेडा कोष**

सहकारी ऐन, २०७४ तथा सहकारी नियमावली, २०७५ अनुरूप कर पछिको खुद नाफाको २५% साधारण जगेडा कोषमा छुट्टाइएको छ । साथै स्थिर सम्पत्ति बेच्दाको नाफा आय विवरणमा जनाइएको आम्दानी जगेडा कोषमा रकमान्तर गरिन्छ ।

**ख. संरक्षित पूजीं फिर्ता कोष तथा सहकारी प्रवद्बन कोष**

जगेडा कोषमा छुट्टाए पछिको बाँकी रकमलाई शत प्रतिशत मानी संस्थाको विनियम अनुसार संरक्षित पूजीं फिर्ता कोषमा २५ प्रतिशत तथा सहकारी प्रवद्बन कोषमा ०.५ प्रतिशत वितरण गरिएको छ ।

**ग. अन्य कोषहरू**

सहकारी ऐन, २०७४ बमोजिम जगेडा कोष, संरक्षित पूजीं फिर्ता कोष तथा सहकारी प्रवद्बन कोषमा छुट्टाए पछिको बाँकी रकम संस्थाको विनियम अनुसार निम्न तरिकाले वितरण गरिएको छ ।

| क्र.स. | विवरण | प्रतिशत(%) |
|---|---|---|
| १ | शेयर लाभांस कोष | ८० |
| २ | सहकारी विकास कोष | ५ |
| ३ | सहकारी शिक्षा तथा तालिम कोष | ५ |
| ४ | घाटापूर्ति कोष | ५ |
| ५ | स्थिरीकरण कोष | ५ |

यस आ.व.मा संस्थाले शेयर लाभांश कोषबाट रु.५९,५७,५९० वितरण गरीएको छ । कर्मचारी बोनस कोषबाट रु.९,०१,१७९ कर्मचारीहरूलाई बोनस वितरण गरिएको छ ।

## ३.२ दायित्वहरू

दायित्वहरू अन्तर्गत ऋणहरू, निक्षेपहरू, भुक्तानी दिनुपर्ने रकमहरू, पाकी नसकेको आम्दानी, विविध साहुहरू तथा अन्य दायित्वहरू पर्दछन् ।

### ३.२.१ सदस्यबाट निक्षेप

सदस्यको निक्षेप खाताहरूमा रहेको नियमित बचत, व्यक्तिगत बचत, दैनिक बचत, आवधीक निक्षेप तथा अन्य निक्षेपहरू यस शिर्षक अन्तर्गत प्रस्तुत गरिन्छ । निक्षेप संस्थामा जम्मा भएको मितिमा लेखाङ्कन गरिन्छ र भुक्तानी भएको मितिमा निक्षेपको फछ्र्यौट भएको मानिन्छ । यस आर्थिक वर्षमा निक्षेपमा भएको परिवर्तनको विवरण यस प्रकार रहेको छ ।

| विवरण | यस वर्ष | गत वर्ष | बृद्धि |
|---|---|---|---|
| सदस्यबाट निक्षेप | १,०६,५६,२२,०४० | १,०५,९५,६३,८६७ | ६०,५८,१७३ |

### ३.२.२ ऋण जोखिम कोषको व्यवस्था

आर्थिक वर्षको अन्त्यमा लगानीमा रहेका सम्पुर्ण ऋणहरूलाई असल, शंकास्पद र खराब ऋणमा वर्गिकरण गरी हुन आउने रकम रु. १,०१,०२,५२५ जोखिम बेर्होने कोषमा व्यवस्था राखिएको छ ।

### ३.३ सम्पत्तिहरू

सम्पत्ति भन्नाले विगतका घटनाक्रमहरूले गर्दा निकायको नियन्त्रणमा आएको त्यस्ता आर्थिक श्रोतहरूलाई जनाउँछ जसको उपयोगबाट निकायले भविष्यमा आर्थिक लाभ प्राप्त गर्नसक्ने सम्भावना आंकलन गरेको हुन्छ। वासलात मितिमा संस्थाको नियन्त्रण रहेको तथा भविष्यमा आर्थिक लाभको आंकलन गरिएको नगद, बैंक खाता, लगानी उपकरण, ऋण तथा सापटी, स्थिर सम्पत्ति लगायतका सम्पूर्ण सम्पत्तिहरूलाई संस्थाको वासलातमा समावेश गरिएको छ।

#### ३.३.१ सम्पत्ति तथा उपकरण

सम्पत्ति तथा उपकरणको लेखाङ्कनका लागि संस्थाले निरन्तर रुपमा लागत विधि (Cost Model) अपनाउँदछ।

#### ३.३.२. सदस्यलाई ऋण लगानी

यस शीर्षक अन्तर्गत ग्राहकलाई प्रत्यक्ष रुपमा प्रदान गरिएका अल्पकालीन तथा दीर्घकालीन ऋणहरू पर्दछन्। ऋण लगानीलाई ऋण प्रवाह भएको मितिमा लेखांकन गरिन्छ र ऋण चुक्ता भुक्तान गरेको मितिमा फर्छ्यौट भएको जनाईन्छ।

#### ३.३.३ मसलन्द मौज्दात विवरण

मसलन्द मौज्दात अन्तर्गत कार्यालयको प्रशासनिक कामकाज एवं सेवा प्रवाहका दौरानमा सामान्यतया एक पटकको प्रयोगमै सम्पूर्ण रुपमा खपत हुने विभिन्न प्रकारका सामग्रीहरू जस्तै कागज तथा कागजजन्य फाईल, भौचर, फारम, इत्यादि सामग्रीहरू, प्रिन्टर तथा फोटोकपिमा प्रयोग हुने मसी, कलम, लगायतका सामग्रीहरू तथा कृषकलाई वितरण गर्न बाँकी सामग्रीहरूलाई प्रस्तुत गरिन्छ।

#### ३.३.४ भुक्तानी प्राप्त गर्न बाँकी ब्याज

सदस्यलाई प्रदान गरिएको ऋण खाताहरूमा प्रत्येक दिनको अन्त्यमा वक्यौता रहने साँवा रकममा दैनिक रुपमा गणना हुने ब्याज रकमलाई यस शिर्षक अन्तर्गत प्रस्तुत गरिन्छ। सदस्यलाई प्रवाह गरिएको ऋण रकममा आर्जित ब्याज रकमलाई ग्राहकबाट नगद भुक्तानी प्राप्त नभएसम्म यस शिर्षक अन्तर्गत प्रस्तुत गरिन्छ भने नगद भुक्तानी प्राप्त भएको मितिमा नाफा नोक्सान हिसाबमा आय जनाईन्छ। ऋण लगानीमा असुल हुन बाँकी ब्याज रकमलाई दायित्व तर्फ ब्याज मुलतबी हिसाबमा हिसाब प्रस्तुत गरिन्छ। यस आ.ब.को अन्तिमसम्म रु. ३,५२,५५,४१२ ऋण लगानीमा असुल हुन बाँकी ब्याज रहेको छ भने सोही रकम बराबरको दायित्व तर्फ ब्याज मुलतबी हिसाबमा प्रस्तुत गरिएको छ।

### ३.४ आम्दानी

आर्थिक वर्षको कार्य सम्पादनबाट सम्पत्तिमा वृद्धि वा दायित्वमा कमी भई सदस्यहरूको जेथाको वृद्धि गराउने ब्याज आय, शुल्क तथा कमिशन, बिक्री कारोबारबाट आर्जित आम्दानी, सम्पत्ति तथा दायित्वको निसर्गबाट प्राप्त लाभ इत्यादि शीर्षकहरूलाई सो वर्षको आम्दानीमा लेखाङ्कन गरिन्छ।

**३.४.१ ब्याज आम्दानी**

ऋण तथा सापटी लगानीबाट आर्जित ब्याजलाई नगद प्राप्तिको आधारमा लेखाङ्कन गरिएको छ ।

**३.४.२ अन्य आम्दानी**

अन्य आम्दानीलाई प्रोदभावी आधारमा लेखाङ्कन गरिन्छ ।

**३.५ खर्चहरू**

आर्थिक वर्षको कार्य सम्पादनबाट दायित्वमा वृद्धि वा सम्पत्तिमा कमी भई सदस्यहरूको जेथामा ह्रास आउने ब्याज खर्च, कर्मचारी खर्च, कार्यालय संचालन खर्च, जोखिम व्यवस्था खर्च, इत्यादि शीर्षकहरूलाई सो वर्षको आय विवरणमा खर्च लेखांकन गरिन्छ ।

**३.५.१ ब्याज खर्च**

सदस्यहरूको निक्षेप खाता र बाह्य ऋणमा पाकेको ब्याजलाई प्रोदभावी आधारमा लेखांकन गरिन्छ ।

**३.५.२ ह्रास तथा परिशोधन खर्च**

ह्रास योग्य सम्पत्ति तथा उपकरणको उपयोगिता अवधिभर नाफा नोक्सान विवरणमा गरिने प्रणालीगत खर्चको विनियोजनलाई ह्रास खर्चका रुपमा र अमुर्त सम्पत्तिको उपयोगिता अवधिभर नाफा नोक्सान विवरणमा गरिने प्रणालीगत विनियोजनलाई परिशोधन खर्चका रुपमा लेखांकन गरिन्छ । छुट्टै पहिचान गर्न सकिने प्रत्येक सम्पत्ति तथा उपकरणको छुट्टा छुट्टै रुपमा ह्रासकट्टी गरिन्छ । कुनैपनि सम्पत्ति व्यावसायीक उपयोगमा आएपछि वा उपयोग योग्य भएपछि सम्पत्ति तथा उपकरणमा लेखाङ्कन गरी ह्रास खर्चको गणना गर्न गरिन्छ ।

**३.५.३. कर्मचारी खर्च**

संस्थाले कर्मचारीहरूबाट प्राप्त गरेको सेवा वापत व्यहोर्नु पर्ने सबै किसिमका व्ययलाई कर्मचारी खर्च मानिएको छ । कर्मचारी खर्चमा देहाय बमोजिमका खर्चहरू पर्दछन् :

**कर्मचारी खर्चका प्रकार**

संस्थाले कर्मचारीहरूबाट प्राप्त गरेको सेवा वापत व्यहोर्नु पर्ने सबै किसिमका व्ययलाई कर्मचारी खर्च मानिएको छ । कर्मचारी खर्चमा देहाय बमोजिमका खर्चहरू पर्दछन् :

**कर्मचारी खर्चका प्रकार**

- अल्पकालीन कर्मचारी खर्चहरू जस्तै: तलब, भत्ता, बिदा वापतको रकम भुक्तानी, चाडपर्व खर्च, औषधी उपचार खर्च, पोषाक खर्च, नाफामा आधारित बोनस तथा प्रत्येक आर्थिक वर्ष समाप्त भएको १२ महिना भित्र भुक्तानी गरिने त्यस्ता सुविधाहरू

- सेवाबाट निवृत्त भएपछि भुक्तानी हुने उपदान, सञ्चय कोष, संचित बिदा, आदि ।

**कर्मचारी विदा वापतको खर्चः**

संस्थाको स्वीकृत विनियमावली बमोजिम कर्मचारीहरूलाई १३५ दिनको बिदा संचित राखि अतिरिक्त विदा वापतको भुक्तानी कर्मचारी विदा वापतको खर्च समावेश गरिन्छ । साथै कर्मचारीले अवकाश लिदा कुल संचित विदाको भुक्तानीलाई कर्मचारी विदा वापतको खर्च समावेश गरिन्छ ।

संस्थाले कर्मचारीलाई बिदा बापट रु १,३४,९०० भुक्तानी गरिएको छ । संस्थाले भुक्तानी दिनुपर्ने बिदा बापतको दायित्वको गणना गर्दा एक्चुरियल मूल्यांकन (Actuarial valuation) गरेको छैन ।

**सञ्चयकोष तथा उपदान**

संस्थाले कर्मचारी संचयकोषमा सञ्चयकोष वापतको दायित्वहरू निसर्गका लागि रकम जम्मा गर्दै आइरहेको छ । यी लाभहरू परिभाषित/निर्दिष्ट योगदान योजना (Defined Contribution Plan) हुन् र यसमा संस्थाको दायित्व, कोषमा योगदानका लागि सहमति गरेको अंकको हदसम्म मात्र सिमित रहन्छ । कर्मचारीहरू प्रतिको सञ्चयकोष तथा उपदानको दायित्व गणना गरी प्रोदभावी आधारमा आय विवरणमा खर्च लेखिन्छ । सञ्चयकोष वापतको दायित्व प्रत्येक महिना निसर्ग गरिन्छ । प्रत्येक प्रतिवेदन मितिसम्म उपदान वापतको दायित्व अग्रीम रुपमा गणना गरी आर्थिक वर्षको अन्तिम महिनामा फरफारक गर्ने गरिन्छ ।

उपदान वापतको दायित्वको गणना गर्दा संस्थाले तिर्नुपर्ने मूल्यांकन एक्चुरियल (Actuarial valuation) गरेको छैन ।

**कर्मचारी औषधि उपचार खर्च**

संचालक समितिको निर्यण अनुसार कर्मचारी औषधि उपचार खर्च बापत रु ७,९७,०३५ को भुक्तानीको गरिएको छ ।

# देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.

**चन्द्रागिरि न.पा.–५, दाउरा डिपो, काठमाडौ**

## ४.१ नगद तथा नगद समान

| विवरण | आषाढ मसान्त २०७९ | आषाढ मसान्त २०७८ |
|---|---|---|
| नगद मौज्दात | ५,४४५,२६६ | २,९३७,४२० |
| बैंक तथा वित्तीय संस्थासँग रहेको मौज्दात | ३७,६२२,००२ | १३३,३९०,७४२ |
| अन्य संस्थासँग रहेको माज्दात | ३४,५०६,०६३ | ५३,७०७,७०९ |
| **जम्मा** | ७७,५७३,३३१ | १९०,०३५,८७० |

नगद तथा नगद समान अन्तर्गत नगद मौज्दात, बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात र माग तथा अल्प सुचनामा प्राप्त हुने रकम पर्दछ । यस्ता नगद तथा नगद समानहरुको उचित मूल्यमा हुने परिवर्तनको जोखिम एकदमै कम हुन्छन् र संस्थाले यी सम्पत्तिहरुको प्रयोग अल्पकालिन प्रतिवद्धता पुरा गर्न गर्दछ ।

बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दातअन्तर्गत क वर्गको बैंकहरुमा रहेको रकम पर्दछ ।

अन्य संस्थासँग रहेको माज्दातअन्तर्गत राष्ट्रिय सहकारी बैंक लिमिटेड, नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेड, काठमाडौं जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड र आइ.एम.इ. को-अपरेटिभ सर्भिस लि.मा रहेको रकम पर्दछ ।

## ४.२ सदस्यलाई ऋण लगानी

| विवरण | आषाढ मसान्त २०७९ | आषाढ मसान्त २०७८ |
|---|---|---|
| घरायसी कर्जा | १०,२२५,२६६ | २४,४९४,५७४ |
| लघु कर्जा | ४८,९४५,६३९ | ५५,८१६,६१५ |
| हायर पर्चेज कर्जा | ५६,९०६,३२४ | ५९,२६३,९९४ |
| आवधिक रसिद धितो कर्जा | ३५,४२४,२१२ | १७,३३५,६८७ |
| छोटो अवधि कर्जा | ३५,४८८,३४४ | ४१,२४८,३९१ |
| व्यवसायिक धितो कर्जा | ८२३,२६२,७६१ | ६८५,२७५,१५२ |
| **जम्मा** | १,०१०,२५२,५४६ | ८८३,४३४,४१२ |

# देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.

चन्द्रागिरि न.पा.-५, दाउरा डिपो, काठमाडौ

### ४.३ लगानी सुरक्षणपत्र

| विवरण | आषाढ मसान्त २०७९ | आषाढ मसान्त २०७८ |
|---|---|---|
| **शेयरमा लगानी :** | | |
| राष्ट्रिय सहकारी बैंक लि. | ११०,००० | ११०,००० |
| नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेड | १,०१२,४०० | १,०१२,४०० |
| जिल्ला सहकारी संघ लि. | ५,००० | ५,००० |
| काठमाडौं बचत तथा ऋण सहकारी सस्था लि. | ११०,००० | ११०,००० |
| नेपाल स्वास्थ्य सेवा सहकारी संस्था लिमिटेड | २००,००० | २००,००० |
| **जम्मा** | १,४३७,४०० | १,४३७,४०० |

सहकारीले शेयरमा गरेको लगानी यस अन्तर्गत पर्दछन् । सुचिकृत नगरिएका शेयर सुरक्षणपत्रलाई परल मूल्यमा देखाइएको छ ।

### ४.४ चालु कर सम्पत्ति

| विवरण | आषाढ मसान्त २०७९ | आषाढ मसान्त २०७८ |
|---|---|---|
| **चालु कर सम्पत्ति** | | |
| चालु वर्षको आय कर सम्पत्ति | १,९०५,६१८ | १,९५९,४६९ |
| अघिल्लो वर्षहरुको कर सम्पत्ति | | |
| **चालु कर दायित्व** | | |
| चालु वर्षको आयकर दायित्व | ५२२,६४७ | ४०९,९५४ |
| गत वर्षहरुको कर दायित्वहरु | ८४७,०९२ | ४३७,१३८ |
| **जम्मा** | ५३५,८८० | १,११२,३७७ |

चौधौं वार्षिक प्रतिवेदन
आ.व. २०७८/७९
Annual Report 2021/022

# देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.

## चन्द्रागिरि न.पा.-५, दाउरा डिपो, काठमाडौ

### ४.५ सम्पत्ति तथा उपकरण

| विवरण | जग्गा | भवन | फर्निचर तथा फिक्स्चर | कम्प्युटर तथा सामानहरु | कार्यालय उपकरण | कार्यालय पार्टिशन | मोटर साइकल | मारुती भ्यान | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| परल मोल | | | | | | | | | |
| १ श्रावण २०७७ को मौज्दात | ४,७२८,२८४ | १२,६४४,६८५ | ११८,३१० | ३५४,२१९ | २५७,८८२ | ९६,२८० | २८,७७५ | ६००,६४६ | १८,८२९,०८१ |
| यस वर्ष थप | ६१,८०५,२५३ | - | - | - | ५०,५०३ | - | - | - | ६१,८५५,७५६ |
| प्राप्तीबाट थप | | - | - | - | - | - | - | - | - |
| यस वर्षको विक्रि/ डिस्पोजल | | - | (८२९) | - | - | - | - | - | (८२९) |
| समायोजन/पुन:मूल्याङ्कन | | - | - | - | - | - | - | - | - |
| **आषाढ मसान्त २०७८ को मौज्दात** | ६६,५३३,५३७ | १२,६४४,६८५ | ११७,४८१ | ३५४,२१९ | ३०८,३८५ | ९६,२८० | २८,७७५ | ६००,६४६ | ८०,६८४,००८ |
| १ श्रावण २०७८ को मौज्दात | ६६,५३३,५३७ | १२,६४४,६८५ | ११७,४८१ | ३५४,२१९ | ३०८,३८५ | ९६,२८० | २८,७७५ | ६००,६४६ | ८०,६८४,००८ |
| यस वर्ष थप | ३,४९१,२५० | | | | | | ३९३,००० | | ३,८८४,२५० |
| प्राप्तीबाट थप | | | | | | | | | - |
| यस वर्षको विक्रि/ डिस्पोजल | | | | | | | | | - |
| समायोजन/पुन:मूल्याङ्कन | | | | | | | | | - |
| **आषाढ मसान्त २०७९ को मौज्दात** | ७०,०२४,७८७ | १२,६४४,६८५ | ११७,४८१ | ३५४,२१९ | ३०८,३८५ | ९६,२८० | ४२१,७७५ | ६००,६४६ | ८४,५६८,२५८ |
| ह्रासकट्टी तथा हानी नोक्सानी | | | | | | | | | |
| १ श्रावण २०७७ को मौज्दात | - | - | - | - | - | - | - | - | - |
| यस वर्षको ह्रासकट्टी | - | ६३२,२३४ | २९,३७० | ८८,५५५ | ७३,५१३ | २४,०७० | ५,७५५ | १२०,१२९ | ९७३,६२६ |
| यस वर्षको हानी नोक्सानी | - | | | | | | | | - |
| विक्रि/ डिस्पोजल | - | | | | | | | | - |
| समायोजन/पुन:मूल्याङ्कन | - | | | | | | | | - |
| **आषाढ मसान्त २०७८ को मौज्दात** | - | ६३२,२३४ | २९,३७० | ८८,५५५ | ७३,५१३ | २४,०७० | ५,७५५ | १२०,१२९ | ९७३,६२६ |
| १ श्रावण २०७८ को मौज्दात | - | ६३२,२३४ | २९,३७० | ८८,५५५ | ७३,५१३ | २४,०७० | ५,७५५ | १२०,१२९ | ९७३,६२६ |
| यस वर्षको ह्रासकट्टी | - | ६००,६२३ | २२,०२८ | ६६,४१६ | ५८,७१८ | १८,०५३ | ५९,९४७ | ९६,१०३ | ९२१,८८७ |
| यस वर्षको हानी नोक्सानी | - | | | | | | | | - |
| विक्रि/ डिस्पोजल | - | | | | | | | | - |
| समायोजन/पुन:मूल्याङ्कन | - | | | | | | | | - |
| **आषाढ मसान्त २०७९ को मौज्दात** | - | १,२३२,८५७ | ५१,३९८ | १५४,९७१ | १३२,२३१ | ४२,१२३ | ६५,७०२ | २१६,२३३ | १,८९५,५१३ |
| **खुद किताबी मूल्य** | | | | | | | | | |
| **आषाढ मसान्त २०७८ को मौज्दात** | ६६,५३३,५३७ | १२,०१२,४५१ | ८८,१११ | २६५,६६४ | २३४,८७२ | ७२,२१० | २३,०२० | ४८०,५१७ | ७९,७१०,३८१ |
| **आषाढ मसान्त २०७९ को मौज्दात** | ७०,०२४,७८७ | ११,४११,८२८ | ६६,०८३ | १९९,२४८ | १७६,१५४ | ५४,१५८ | ३५६,०७३ | ३८४,४१४ | ८२,६७२,७४४ |

# देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.

चन्द्रागिरि न.पा.–५, दाउरा डिपो, काठमाडौं

## ४.६ ख्याति तथा अमूर्त सम्पत्ति

| विवरण | सफ्टवेयर | जम्मा |
|---|---|---|
| **परल मोल** | | |
| १ श्रावण २०७७ को मौज्दात | २९९,८५९ | २९९,८५९ |
| यस वर्ष थप | ९४,०९२ | ९४,०९२ |
| प्राप्तीबाट थप | – | – |
| यस वर्षको विक्रि/ डिस्पोजल | – | – |
| समायोजन/पुनःमूल्याङ्कन | – | – |
| **आषाढ मसान्त २०७८ को मौज्दात** | ३९३,९५१ | ३९३,९५१ |
| १ श्रावण २०७८ को मौज्दात | ३९३,९५१ | ३९३,९५१ |
| यस वर्ष थप | – | – |
| प्राप्तीबाट थप | – | – |
| यस वर्षको विक्रि/ डिस्पोजल | (१७६,६११) | (१७६,६११) |
| समायोजन/पुनःमूल्याङ्कन | – | – |
| **आषाढ मसान्त २०७९ को मौज्दात** | २१७,३४० | २१७,३४० |
| **परिशोधन खर्च** | | |
| १ श्रावण २०७७ को मौज्दात | – | – |
| यस वर्षको ह्रासकट्टी | ८४,९९७ | ८४,९९७ |
| यस वर्षको हानी नोक्सानी | – | – |
| विक्रि/ डिस्पोजल | – | – |
| समायोजन | – | – |
| **आषाढ मसान्त २०७८ को मौज्दात** | ८४,९९७ | ८४,९९७ |
| १ श्रावण २०७७ को मौज्दात | ८४,९९७ | ८४,९९७ |
| यस वर्षको ह्रासकट्टी | ३३,०८६ | ३३,०८६ |
| यस वर्षको हानी नोक्सानी | – | – |
| विक्रि/ डिस्पोजल | – | – |
| समायोजन | – | – |
| **आषाढ मसान्त २०७८ को मौज्दात** | ११८,०८३ | ११८,०८३ |
| **खुद किताबी मूल्य** | | |
| **आषाढ मसान्त २०७८ को मौज्दात** | ३०८,९५५ | ३०८,९५५ |
| **आषाढ मसान्त २०७९ को मौज्दात** | ९९,२५८ | ९९,२५८ |

# देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.

**चन्द्रागिरि न.पा.-५, दाउरा डिपो, काठमाडौ**

## ४.७ स्तगन कर सम्पत्ति

| विवरण | यस वर्ष | | |
|---|---|---|---|
| | स्थगन कर सम्पत्ति | स्थगन कर दायित्व | खुद स्थगन कर सम्पत्ति/(दायित्व) |
| **अस्थाई भिन्नतामा स्थगन कर** | | | |
| सदस्यलाई दिएको कर्जा तथा सापट | - | - | - |
| लगानी सम्पत्ति | - | - | - |
| सुरक्षणपत्रमा लगानी | - | - | - |
| सम्पत्ति तथा उपकरण | | १६,९१५ | (१६,९१५) |
| अमूर्त सम्पत्ति | ७,३९५ | - | ७,३९५ |
| व्यवस्था | १०७,८७३ | - | १०७,८७३ |
| अन्य अस्थायी भिन्नताहरु | | | - |
| **अस्थाई भिन्नतामा स्थगन कर** | | | ९८,३५३ |
| अघि सारेको अनुपयोग कर घाटामा स्थगन कर | | | - |
| करको दरमा परिवर्तनले सिर्जना भएको स्थगन कर | | | - |
| **आषाढ मसान्त २०७९ मा खुद स्थगन कर सम्पत्ति/(दायित्व)** | | | ९८,३५३ |
| १ श्रावण २०७८ मा स्थगन कर (सम्पत्ति)/दायित्व | | | - |
| **यस वर्ष सिर्जना भएको/(फिर्ता भएको)** | | | (९८,३५३) |
| नाफा नोक्सान हिसाबमा देखाइएको स्थगन कर खर्च/(आम्दानी) | | | (९८,३५३) |
| इक्विटीमा सिधै देखाइएको स्थगन कर खर्च/(आम्दानी) | | | - |

# देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.

चन्द्रागिरि न.पा.-५, दाउरा डिपो, काठमाडौं

## ४.८ अन्य सम्पत्ति

| विवरण | आषाढ मसान्त २०७९ | आषाढ मसान्त २०७८ |
|---|---|---|
| अग्रिम भुक्तानी | १२०,१२५ | २०१,९३५ |
| मसलन्द तथा अन्य मौज्दात | ३२५,७५० | २६६,०३७ |
| फूटकर टिकाउ | ६९,६८७ | ६८,४८२ |
| धरौटी | १०९,९०० | १०९,९०० |
| कर्मचारी पेश्की | २६८,३२७ | ३९५,००० |
| अन्य पेश्की | १,४६८,९०० | १,५१०,६४० |
| लिन बाँकी आसामी | ४५०,८३० | ४५०,८३० |
| अग्रीम भुक्तानी विमा | ९१,८३९ | ८३,६७४ |
| उपकार चाउचाउ | १,०००,००० | १,०००,००० |
| **जम्मा** | ३,९०५,३५७ | ४,०८६,४९७ |

## ४.९ सदस्यबाट निक्षेप

| विवरण | आषाढ मसान्त २०७९ | आषाढ मसान्त २०७८ |
|---|---|---|
| अनिवार्य बचत | १९,१८२,२५७ | १९,२२०,७५५ |
| कारोबार बचत | ३०८,१७५,८२३ | ४६६,३४४,६७५ |
| आवधिक (मुद्दती) निक्षेप | ७३८,२६३,९६१ | ५७३,९९८,४३७ |
| **जम्मा** | १,०६५,६२२,०४० | १,०५९,५६३,८६७ |

## ४.१० व्यवस्था

| विवरण | आषाढ मसान्त २०७९ | आषाढ मसान्त २०७८ |
|---|---|---|
| जोखिम बेर्होने कोष | १०,१०२,५२५ | ५,४५२,४६८ |
| कर्मचारी उपदान कोष | २,१३९,९११ | १,६६०,९९१ |
| कर्मचारी विदा कोष | १७,५४० | १७,५४० |
| **जम्मा** | १२,२५९,९७७ | ७,१३०,९९९ |

## ४.११ अन्य दायित्व

| विवरण | आषाढ मसान्त २०७९ | आषाढ मसान्त २०७८ |
|---|---|---|
| स्रोतमा करकट्टी तिर्न बाँकी | २,८२२,७६० | १,४८७,००२ |
| तिर्न बाँकी व्याज | १९,१४५,७२६ | २०,८३९,८७१ |
| तिर्न बाँकी लेखापरीक्षक शुल्क | १४७,७५० | १६०,००० |
| नेपाल टेलिकम लि. | - | ४१,७९२ |
| क्रेडिटर्स तथा बक्यौता | ४५५,६२० | १७०,८५८ |
| अन्य | - | - |
| **जम्मा** | २२,५७१,८५७ | २२,६९९,५२३ |

# देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.

**चन्द्रागिरि न.पा.-५, दाउरा डिपो, काठमाडौ**

## ४.१२ शेयर पूँजी

| विवरण | आषाढ मसान्त २०७९ | आषाढ मसान्त २०७८ |
|---|---|---|
| साधारण शेयर | ४२,७०७,००० | ४१,०३१,३०० |
| **जम्मा** | ४२,७०७,००० | ४१,०३१,३०० |
| **साधारण शेयर** | | |
| **विवरण** | **यस वर्ष** | **गत वर्ष** |
| अधिकृत पूँजी | | |
| ५,००,००० साधारण शेयर प्रति रु. १०० | ५०,०००,००० | ५०,०००,००० |
| **जारी पूजी** | | |
| ४,२७,०७० साधारण शेयर प्रति रु. १०० | ४२,७०७,००० | ४१,०३१,३०० |
| **चुक्ता पूजी** | | |
| ४,२७,०७० साधारण शेयर प्रति रु. १०० | ४२,७०७,००० | ४१,०३१,३०० |
| **जम्मा** | ४२,७०७,००० | ४१,०३१,३०० |

## ४.१३ जगेडा तथा अन्य कोषहरू

| विवरण | आषाढ मसान्त २०७९ | आषाढ मसान्त २०७८ |
|---|---|---|
| साधारण जगेडा कोष | २१,२२८,८०४ | १८,८५९,७६२ |
| संरक्षित पूँजी फिर्ता कोष | ३,१८४,८१० | १,४६०,४६० |
| सहकारी प्रवर्द्धन कोष | ९४,८४२ | ६०,३५५ |
| लाभांश कोष | ४,४९९,४४२ | ६,३४६,१८२ |
| कर्मचारी बोनश कोष | ९५०,८२६ | ९११,००८ |
| सहकारी बिकास कोष | २५६,९२८ | २०,००० |
| सहकारी शिक्षा तथा तालिम कोष | २५६,९२८ | २०,०७९ |
| घाटापूर्ति कोष | २५६,९२८ | २०,००० |
| सदस्य हित कोष | २,१३५,४६५ | १,७१०,२६५ |
| स्थिरीकरण कोष | ५४९,०२० | २९२,०९२ |
| **जम्मा** | ३३,४१३,९९३ | २९,७००,२०३ |

# देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.
चन्द्रागिरि न.पा.-५, दाउरा डिपो, काठमाडौं

### ४.१४ व्याज आम्दानी

| विवरण | १ श्रावण २०७८ देखि ३२ आषाढ २०७९ सम्मको | १ श्रावण २०७७ देखि ३१ आषाढ २०७८ सम्मको |
|---|---|---|
| सदस्यलाई दिएको कर्जा तथा सापट | १३३,०९३,०६४ | १०३,७७४,३६२ |
| बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | ९३७,००८ | ३,०२९,६०८ |
| अन्य | २,४३०,६७३ | - |
| **जम्मा व्याज आम्दानी** | १३६,४६०,७४५ | १०६,८०३,९७० |

### ४.१५ व्याज खर्च

| विवरण | १ श्रावण २०७८ देखि ३२ आषाढ २०७९ सम्मको | १ श्रावण २०७७ देखि ३१ आषाढ २०७८ सम्मको |
|---|---|---|
| सदस्यको निक्षेप | ११६,४९५,०३४ | ९४,५३३,६२४ |
| बैंक तथा वित्तीय संस्थाको सापटी | - | - |
| अन्य संस्थाको सापटी | - | - |
| **जम्मा व्याज खर्च** | ११६,४९५,०३४ | ९४,५३३,६२४ |

### ४.१६ शूल्क तथा कमिशन आम्दानी

| विवरण | १ श्रावण २०७८ देखि ३२ आषाढ २०७९ सम्मको | १ श्रावण २०७७ देखि ३१ आषाढ २०७८ सम्मको |
|---|---|---|
| कर्जा व्यवस्थापन तथा प्रशासनिक शुल्क | १४,१९६,५२१ | १४,८६०,८१६ |
| सेवा शुल्क | ३७,०४२ | ३९,०५१ |
| अन्य शूल्क तथा कमिशन आम्दानी | १५४,९०० | ४२,६०० |
| **जम्मा शूल्क तथा कमिशन आम्दानी** | १४,३८८,४६३ | १४,९४२,४६७ |

### ४.१७ शूल्क तथा कमिशन खर्च

| विवरण | १ श्रावण २०७८ देखि ३२ आषाढ २०७९ सम्मको | १ श्रावण २०७७ देखि ३१ आषाढ २०७८ सम्मको |
|---|---|---|
| कर्जा व्यवस्थापन तथा प्रशासनिक खर्च | - | - |
| अन्य शूल्क तथा कमिशन खर्च | - | - |
| **जम्मा शूल्क तथा कमिशन खर्च** | - | - |

चौधौं वार्षिक प्रतिवेदन
आ.व. २०७८/७९

# देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.

**चन्द्रागिरि न.पा.–५, दाउरा डिपो, काठमाडौ**

### ४.१८ खुद व्यापारिक आम्दानी

| विवरण | १ श्रावण २०७८ देखि ३२ आषाढ २०७९ सम्मको | १ श्रावण २०७७ देखि ३१ आषाढ २०७८ सम्मको |
|---|---|---|
| व्यापारिक सम्पत्तिमा व्याज आम्दानी | – | – |
| व्यापारिक सम्पत्तिमा लाभांश आम्दानी | – | – |
| अन्य | – | – |
| **जम्मा खुद व्यापारिक आम्दानी** | – | – |

### ४.१९ अन्य संचालन आम्दानी

| विवरण | १ श्रावण २०७८ देखि ३२ आषाढ २०७९ सम्मको | १ श्रावण २०७७ देखि ३१ आषाढ २०७८ सम्मको |
|---|---|---|
| संरक्षित पूँजी फिर्ता आम्दानी | – | २९,४८८ |
| विविध | – | २१,६७४ |
| **जम्मा अन्य संचालन आम्दानी** | – | ५१,१६२ |

### ४.२० कर्जाको नोक्सानी व्यवस्था/(फिर्ता तथा अन्य नोक्सानी

| विवरण | १ श्रावण २०७८ देखि ३२ आषाढ २०७९ सम्मको | १ श्रावण २०७७ देखि ३१ आषाढ २०७८ सम्मको |
|---|---|---|
| सदस्यलाई दिएको कर्जा तथा सापटीमा नोक्सानी व्यवस्था/(फिर्ता) | ४,६५०,०५७ | – |
| सम्पत्ति तथा उपकरणमा नोक्सानी व्यवस्था/(फिर्ता) | – | – |
| ख्याती र अमुर्त सम्पत्तिमा नोक्सानी व्यवस्था/(फिर्ता) | – | – |
| **जम्मा** | ४,६५०,०५७ | – |

### ४.२१ कर्मचारी खर्च

| विवरण | १ श्रावण २०७८ देखि ३२ आषाढ २०७९ सम्मको | १ श्रावण २०७७ देखि ३१ आषाढ २०७८ सम्मको |
|---|---|---|
| तलव तथा भत्ता | ९,८०९,९१३ | १०,०६१,६२१ |
| चाडपर्व भत्ता | ७८९,५३५ | ८३१,८४५ |
| कर्मचारी औषधी उपचार भत्ता | ७९७,०३५ | ७८९,५३५ |
| सचय कोषमा योगदान | ६४२,२९४ | ६६९,४५४ |
| कर्मचारी बोनस खर्च | ९५०,८२६ | ९११,००८ |
| कर्मचारी उपदान खर्च | ४७८,९२१ | ४६९,७९१ |
| कर्मचारी तालिम खर्च | १३,५६० | – |
| कर्मचारी बिदा खर्च | १३४,९०० | – |
| कर्मचारी पोषाक खर्च | १४३,२५० | ८,४०० |
| **जम्मा** | १३,७६०,२३४ | १३,७४१,६५४ |

### ४.२२ अन्य संचालन खर्च

| विवरण | १ श्रावण २०७८ देखि ३२ आषाढ २०७९ सम्मको | १ श्रावण २०७७ देखि ३१ आषाढ २०७८ सम्मको |
|---|---|---|
| संचालक तथा अन्य समितिको बैठक भत्ता | ५२४,००० | ४३०,५०० |
| वार्षिक साधारण सभा बैठक खर्च | १,७९४,३७० | १,४१५,८२० |
| लेखापरीक्षण शुल्क | १५०,००० | ८०,००० |
| व्यवसायिक तथा कानुनी खर्च | - | २४०,००० |
| **कार्यालय प्रशासनिक खर्च** | ३,२१२,५४० | १,८९५,९६९ |
| **जम्मा अन्य संचालन खर्च** | ५,६८०,९१० | ४,०६२,२८९ |

कार्यालय प्रशासनिक खर्चको विवरण देहायबमोजिम रहेको छ ।

### ४.२२.१ कार्यालय प्रशासनिक खर्च

| विवरण | १ श्रावण २०७८ देखि ३२ आषाढ २०७९ सम्मको | १ श्रावण २०७७ देखि ३१ आषाढ २०७८ सम्मको |
|---|---|---|
| बिजुली तथा पानी | ११४,२८४ | ११६,७५८ |
| मर्मत तथा सम्भार | १८४,५४१ | ६८,५१० |
| वीमा खर्च | १२६,६३७ | १४८,०४१ |
| पास्टेज, टेलेक्स, टेलिफोन, फ्याक्स सम्बन्धि खर्च | ७९,०२० | ९८,२७५ |
| मसलन्द तथा छपाई | २०३,९३२ | १९३,५६२ |
| क्यालेण्डर छपाइ तथा वितरण खर्च | २८०,७५० | २७१,२०० |
| विविध उत्सव तथा समारोह | ३७०,९९० | १५६,६२५ |
| शुल्क, दस्तुर तथा नविकरण | १२०,७९३ | २०४,५८७ |
| सवारी इन्धन खर्च | ५११,९१५ | ३५५,३८६ |
| कोभिड रोकथाम खर्च | २,२०० | ४३,३४४ |
| कार्यालय चियापान तथा खाजा खर्च | २२,७४७ | ३०,२९५ |
| सरसफाइ खर्च | २८,५६७ | ३१,८३४ |
| आर्थिक सहयोग खर्च | ३६,३०० | ३२,५०० |
| पत्रपत्रिका खर्च | १२३,७०१ | ३५,४०० |
| परिवहन खर्च | - | २५,००० |
| बार्षिक सफ्टवेयर खर्च | ५६,५०० | - |
| सफ्टवेयर अपलेखन खर्च | १७६,६११ | - |
| विविध खर्च | ७७३,०५३ | ८४,६५१ |
| **जम्मा कार्यालय प्रशासनिक खर्च** | ३,२१२,५४० | १,८९५,९६९ |

### ४.२३ ह्रास तथा परिशोधन खर्च

| विवरण | १ श्रावण २०७८ देखि ३२ आषाढ २०७९ सम्मको | १ श्रावण २०७७ देखि ३१ आषाढ २०७८ सम्मको |
|---|---|---|
| सम्पत्ति तथा उपकरणमा ह्रासकट्टी | ९२१,८८७ | ९७३,६२६ |
| अमुर्त सम्पत्तिको परिषोधन | ३३,०८६ | ८४,९९७ |
| **जम्मा ह्रास तथा परिशोधन खर्च** | ९५४,९७३ | १,०५८,६२३ |

## ५. प्रतिवेदन मिति पछिका घटनाहरू

प्रतिवेदन मिति पछिका घटनाहरू त्यस्ता अनुकुल वा प्रतिकुल घटनाहरू हुन्, जुन प्रतिवेदन मिति देखि वित्तीय विवरण जारी गर्नका लागि अनुमोदन गरिएको मितिका बिच घटित हुन्छन् । प्रतिवेदनको मितिको अन्त्यमा सो घटनाहरू घटित हुने अवस्थाको प्रमाण हुने घटनाहरू प्रतिविम्बित हुने गरी वित्तीय विवरणमा लेखाङ्कन गरी सम्बन्धित खुलासाहरू पनि समायोजित गरिन्छ। प्रतिवेदनको मितिको अन्त्यमा सो घटनाहरू घटित हुने अवस्थाको प्रमाण नहुने घटनाहरू वित्तीय विवरणमा समायोजन गरिंदैन ।

## ६. सम्बन्धित पक्षहरूसँग सम्बन्धित खुलासा

सहकारी संस्थाको सञ्चालक समितिका सदस्य तथा मुख्य व्यवस्थापनका सदस्यहरूलाई सम्बन्धित पक्ष भनिएको छ । उनीहरूको विवरण यस प्रकार रहेको छ ।

| क्र.स | नाम | पद |
|---|---|---|
| | **संचालक समिति** | |
| १ | राम नारायण घिमिरे | अध्यक्ष |
| २ | बेली मैंया घले | उपाध्यक्ष |
| ३ | राम तामाङ्ग | सचिव |
| ४ | राजु कार्की | कोषाध्यक्ष |
| ५ | तीर्थ कुमार लामा | संचालक सदस्य |
| ६ | लक्ष्मण बलामी | संचालक सदस्य |
| ७ | नानु थापा (पण्डित) | संचालक सदस्य |
| | **लेखा समिति** | |
| १ | बिमल बिक्रम बानियाँ | संयोजक |
| २ | बसन्त महर्जन | सदस्य |
| ३ | माधव प्रसाद रेग्मी | सदस्य |
| | **ऋण उपसमिति** | |
| १ | राम तामाङ्ग | संयोजक |
| २ | रवि कार्की | सदस्य |
| ३ | पूर्ण प्रसाद श्रेष्ठ | सदस्य |
| | **व्यवस्थापन समूह** | |
| १ | प्रविण सिलवाल | प्रबन्धक |

चौधौं वार्षिक प्रतिवेदन
आ.व. २०७८/७९

कुनै सल्लाह सुझाव भएमा: ______________________

Annual Report
2021/022
चौधौं वार्षिक प्रतिवेदन
आ.व. २०७८/७९

## निक्षेप (Deposit)

| निक्षेप | बार्षिक ब्याजदर |
|---|---|
| नियमित बचत | ८.००% (दैनिक मौज्दातमा)* |
| देवदर्शन पेन्सन बचत | ३ वर्ष (प्रति १ लाखको मासिक रु १०००/-) |
| बाल शैक्षिक बचत | २ वर्ष ११.००% |
| | ५ वर्ष १२.५०% |
| | १० वर्ष १५.००% |
| नारी उत्थान बचत | १०.५% (आवधिक) |
| किसान बचत | ७.००% (मासिक न्यूनतम बचतमा) |
| साधारण बचत | ७.००% (मासिक न्यूनतम बचतमा) |
| देवदर्शन विशेष बचत | ५.००% (दैनिक मौज्दातमा)* |
| देवदर्शन कल बचत | ६.००% (दैनिक मौज्दातमा)* |
| गोल्डन बचत | ७.००% (दैनिक मौज्दातमा)* |
| बोनस बचत | ८.००% (दैनिक मौज्दातमा)* |

*शर्त लागु हुनेछ ।

## अवधि बचत (Periodic Savings)

| अवधि | वार्षिक ब्याजदर | अवधि | वार्षिक ब्याजदर |
|---|---|---|---|
| ३ महिना | ९.००% | २ वर्ष | ११.००% |
| ६ महिना | ९.५०% | ३ वर्ष | ११.५०% |
| ९ महिना | १०.००% | ४ वर्ष | १२.००% |
| १ वर्ष | १०.५०% | ५ वर्ष | १२.५०% |

## आवधीक निक्षेप (Term Deposit)

| अवधि | त्रैमासिक ब्याज भुक्तानी | वार्षिक ब्याज भुक्तानी | एकमुष्ठ ब्याज भुक्तानी |
|---|---|---|---|
| ६ महिना | - | - | १०.००% |
| १ वर्ष | ११.००% | १२.००% | १२.००% |
| २ वर्ष | १२.००% | १२.५०% | १३.००% |
| ३ वर्ष | १३.००% | १३.५०% | १४.००% |

## कर्जा तथा सापट योजना (Loans and Advances Scheme)

| कर्जा शिर्षक | बार्षिक ब्याजदर घट्दोदर |
|---|---|
| देवदर्शन पुलेसो कर्जा (Dev Darshan Bridge Loan) | १६.००% |
| आवधिक कर्जा (Term Loan) | १६.००% |
| छोटो अवधि कर्जा (Short Term Loan) | १६.००% |
| व्यापारीक कर्जा (Trading Loan) | १६.००% |
| घर कर्जा (Home Loan) | १६.००% (मासिक किस्ता प्रणाली) |
| हायर पर्चेज कर्जा (Hire-purchase Loan) | १६.००%* |
| महिला उद्यमी कर्जा (Mahila Uddhami Karja) | १६.००% |
| शेयरसदस्य सहुलियत कर्जा (Share Sahuliyat Karja) | १६.००% |
| सामूहिक जमानी कर्जा (Group Gurantee Loan) | १६.००% |
| कृषि कर्जा (Agriculture Loan) | १६.००% |
| गरिबी निवारण कर्जा (Garibi Niwaran Karja) | १६.००% |
| लघु कर्जा (Laghu Karja) | १६.००% |
| अन्य कर्जा (Miscellaneous Loan) | १६.००% |
| आवधीक रसिद धितो कर्जा (FDR) | (थप) ३.००%* |

### बचत खाताका विशेषताहरु

- जति धेरै बचत रकम उति धेरै ब्याज
- तिन तिन महिनामा ब्याज भुक्तानी
- आवधीक बचतमा १४.००%* ब्याज
- चाहे अनुसारको रकम राख्न र झिक्न सकिने
- सन्ध्याकालीन काउन्टरको व्यवस्था

**ज्येष्ठ सदस्य महानुभावहरुको लागि मासिक ब्याज भुक्तानी हुने गरी पेन्सन बचत योजना**

### रेमिट्यान्स सुविधाहरु

# नियमित बचतमा ८% ब्याज

## सहकारीका अन्तर्राष्ट्रिय सिद्धान्तहरू

१)	स्वेच्छिक तथा खुल्ला सदस्यता

२)	सदस्यहरुद्वारा प्रजातान्त्रिक नियन्त्रण

३)	सदस्यहरुको आर्थिक सहभागिता

४)	स्वायत्तता तथा स्वतन्त्रता

५)	शिक्षा, तालिम र सूचना

६)	सहकारी संस्थाहरुका बिच सहयोग

७)	समुदाय प्रति चासो


देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.

**DEV DARSHAN SAVING & CREDIT CO-OPERATIVE LTD.**

चन्द्रागिरि न.पा.- ५, दाउराडिपो, काठमाडौं फोनः ४३१६११७, ४३१६११८, ४३१६१२५

devdarshansaving@gmail.com devdarshansaccos.coop.np